वार्षिक प्रगति प्रतिवेदन

२०७२।७३



महालेखापरीक्षकको कार्यालय

बबरमहल, काठमाडौं

नेपाल

प्रतिवेदन तयारीमा संलग्न कर्मचारीहरु

उप-महालेखापरीक्षक	श्री मोहदत्त तिमिल्सिना
नायब महालेखापरीक्षक	श्री बाबुराम गौतम
निर्देशक	श्री त्रिलोचन आचार्य
निर्देशक	श्री हुमनाथ सुवेदी
लेखापरीक्षण अधिकारी	श्री रमेश नेपाल
लेखापरीक्षण अधिकारी	श्री लेखबहादुर थापा
लेखापरीक्षण अधिकारी	श्री सुदनकुमार पोखेल
कम्प्युटर विशेषज्ञ	श्री विष्णुगोपाल डंगोल

मन्तव्य

आर्थिक वर्ष २०७१।७२ को नेपाल सरकारको आर्थिक कारोबारको वार्षिक लेखापरीक्षण प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यूसमक्ष २०७२।१२।२९ मा प्रस्तुत भइसकेको छ । सर्वोच्च लेखापरीक्षण संस्थाको प्रचलित मान्यतालाई आत्मसात गर्दै आर्थिक वर्ष २०७२।७३ मा महालेखापरीक्षकको कार्यालयले सम्पादन गरेका व्यवस्थापकीय तथा प्रशासनिक कामको यथार्थ स्थिति जानकारी गराउने अभिप्रायले यो प्रगति प्रतिवेदन सार्वजनिक गरिएको छ । प्रतिवेदनमा समावेश भएका सूचना एवं जानकारी सबैमा उपयोगी हुनेनै छ।

प्रतिवेदन तयार गर्न संलग्न व्यवस्थापन निर्देशनालयका कर्मचारी र आवश्यक पर्ने विवरण तथा जानकारी उपलब्ध गराई प्रतिवेदन तयार गर्न सहयोग पुर्‍याउने सबै कर्मचारीलाई धन्यवाद दिन चाहन्छु ।

सुकदेव खत्री
कार्यवाहक महालेखापरीक्षक

२०७३ श्रावण

विषय-सूची

क्र.सं.	विषयवस्तु	पृष्ठ
१	पृष्ठभूमि	१
२	संविधान प्रदत्त कर्तव्य एवं जिम्मेवारी	३
३	लेखापरीक्षणमान र कार्यपद्धति	४
४	मानव संसाधन	८
५	आन्तरिक व्यवस्थापन	९
६	आय-व्ययको स्थिति	१२
७	अन्तर्राष्ट्रिय सम्बन्ध एवं सहयोग	१४
८	बाह्य सरोकार पक्षसँगको सम्बन्ध	१५
९	नतिजा	१९
१०	सुधारका क्षेत्रहरु	२१
तालिका		
१	कर्मचारी दरबन्दी र पदपूर्ति विवरण	२५
२	नयाँ नियुक्ति र पदस्थापन भएका कर्मचारीको विवरण	२६
३	बढुवा भएका कर्मचारीको विवरण	२७
४	सेवा निवृत्त हुनुभएका कर्मचारीको विवरण	२८
५	अन्यत्र रमाना हुनुभएका कर्मचारीहरुको विवरण	२९

१. पृष्ठभूमि

१.१ कार्यालय परिचयः संवैधानिक व्यवस्थाअनुसार २०१६ सालमा स्थापना भएको महालेखापरीक्षकको कार्यालय नेपालको सर्वोच्च लेखापरीक्षण संस्था हो । नेपालको संविधान र लेखापरीक्षण ऐन, २०४८ ले महालेखापरीक्षकलाई राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायत सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । यसैगरी पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षणका लागि कार्यालयबाट परामर्श प्रदान गर्ने गरिएको छ । यस अतिरिक्त संस्थासम्बन्धी विशेष ऐन तथा कार्यकारी निर्णयले निर्णय गठित समिति, प्रतिष्ठान, विश्वविद्यालयलगायतको लेखापरीक्षण महालेखापरीक्षकले गर्नुपर्ने गरी तोकिएकोमा कार्यालयबाट लेखापरीक्षण गर्ने गरिएको छ । कार्यालयबाट वित्तीय, कार्यमूलक, सूचना प्रविधि एवं वातावरणीय लेखापरीक्षण गर्दै आएको छ । महालेखापरीक्षकले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत उक्त प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेस भई व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिमा छलफल हुने गरेको छ ।

१.२ सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय मानदण्ड (International Standard of Supreme Audit Institution - ISSAI) २० र २१ मा व्यवस्था भएको पारदर्शिता र जवाफदेहिताको मान्यतालाई अङ्गीकार गरिएको छ । वार्षिक प्रगति प्रतिवेदनमा जवाफदेहिताको दृष्टिकोणले महालेखापरीक्षकको कार्यालयबाट सम्पादन गरिएको कामको आँकलन गरी मूलतः लेखापरीक्षणको कार्यक्षेत्र एवं समयमै प्रतिवेदन प्रस्तुति र पारदर्शी गर्ने सन्दर्भमा भएका क्रियाकलाप एवं समग्र लेखापरीक्षण नतिजाको वियषवस्तु समावेश गरी कार्यालयभित्र तथा बाहिरका सरोकारवालाहरुको जानकारीको लागि सार्वजनिक गरिएको छ ।

१.३ **दूरदृष्टि (Vision), गन्तव्य (Mission) र मूल्य मान्यता (Core Values):** संविधान एवं कानुन प्रदत्त जिम्मेवारी निर्वाह गर्न कार्यालयले निम्नबमोजिम दूरदृष्टि, गन्तव्य र मूल्य मान्यताहरु निर्धारण गरिएको छः

- **दूरदृष्टि (Vision):** "जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने" ।
- **गन्तव्य (Mission):** सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पानं स्वतन्त्र एवं गुणस्तरीय सेवा प्रदान गर्ने ।
- **मूल्य मान्यता (Core Values):** महालेखापरीक्षकको कार्यालय र कार्यरत कर्मचारीहरुलाई निर्दिष्ट लक्ष्य एवं गन्तव्यतर्फअग्रसर गराउन निम्न मूल्य मान्यताहरुलाई अङ्गीकार गरिएको छः
  - ***स्वतन्त्रताः*** व्यावसायिक विवेकको प्रयोगमा नकारात्मक प्रभाव पार्ने तत्वहरुसँग सम्झौता नगरी, स्वार्थगत विवादबाट टाढा रही निजी स्वार्थ र डर धम्कीबाट मुक्त रही, निष्पक्ष भई लेखापरीक्षण निष्कर्ष निकाल्छौं, व्यहोरा औंल्याउँछौं र लेखापरीक्षण राय व्यक्त गर्छौं ।
  - ***निष्ठाः*** लेखापरीक्षणमा निजी वा बाह्य पक्षको स्वार्थबाट प्रभावित नभई इमान्दारिता, स्वच्छता, वस्तुपरकता र सत्यता प्रदर्शन गर्दै लेखापरीक्षण गराउने निकायसँग व्यवहार गर्नेमा पेसागत निष्ठा प्रस्तुत गर्छौं ।
  - ***पारदर्शिताः*** पक्षपातरहित रायको प्रस्तुतीकरण, लेखापरीक्षणमानको निरन्तर प्रयोग, अन्तर्राष्ट्रिय उत्कृष्ट प्रचलनको अवलम्बन, सूचना र तथ्याङ्क सङ्कलन र विश्लेषणमा व्यवस्थित पद्धतिको

अङ्गीकार र निश्चित आधारमा लेखापरीक्षण नतिजा मूल्याङ्कन गरी सम्पादित कार्यको पारदर्शिता कायम राख्छौं र लेखापरीक्षण सेवा प्रदान गर्दा गुणस्तर सुनिश्चित गर्छौं ।


- ***व्यावसायिकता:*** व्यावसायिक र दक्ष जनशक्तिमार्फत गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्न कर्मचारीले सेवा प्रवेशपछि शिक्षा र तालिमको साथसाथै निरन्तर सीप विकास गर्नुपर्छ र स्वअध्ययनलाई निरन्तरता दिनुपर्दछ ।
- जवाफदेहिता: लेखापरीक्षण पेसा र आम नागरिकप्रतिको जिम्मेवारी स्वीकार गर्दै जनताको सामूहिक हितको लागि सार्वजनिक स्रोतको उचित प्रयोग एवं संरक्षणतर्फध्यान केन्द्रित गरी कानुनको परिधिभित्र रही जनताको अपेक्षा पूरा गर्न जवाफदेही रहनेछौं ।

१.४ **लक्ष्यहरु:** कार्यालयको दूरदृष्टि र गन्तव्य हासिल गर्न उपर्युक्त मूल्य मान्यताको आधारमा देहायका लक्ष्यहरु तय गरिएको छ:

- लेखापरीक्षणको गुणस्तर र प्रभाव सुधार गर्ने,
- आन्तरिक सुशासनमा अभिवृद्धि गर्ने ,
- संगठनात्मक क्षमताको विकास गर्ने,
- स्वतन्त्रता र क्षेत्राधिकारकमा सुधार गर्ने, र
- बाह्य सरोकारवालासँग सम्बन्ध कायम गरी सम्बन्ध विकास गर्ने ।

कार्यालयको दूरदृष्टि, गन्तव्य र निर्दिष्ट मूल्य मान्यताको अनुसरणबाट नै उपर्युक्त लक्ष्यहरु हासिल गर्न सकिने हुनाले ती लक्ष्य हासिल गर्न योगदान गर्ने तत्वहरुलाई निम्न सञ्चालन प्रणाली (Operational System) बाट दर्शाइएको छ ।

चित्र नं.१



कार्यालयको गन्तव्य एवं लक्ष्य हासिल गर्न अपनाइएको सञ्चालन प्रणाली

१.५ संगठन संरचनाः महालेखापरीक्षकको कार्यालयको कार्यबोझ, कार्य प्रकृति र उपलब्ध दरबन्दीको अवस्थालाई दृष्टिगत गरी २०६८।६९ मा संगठन संरचना स्वीकृति गरी लागू गरिएको छ । जसअनुसार कार्यालयको प्रमुख पदाधिकारीको रुपमा महालेखापरीक्षक रहने व्यवस्था छ भने नीतिगत विषयमा महालेखापरीक्षकलाई राय सुझाव प्रदान गर्न उप-महालेखापरीक्षकको अध्यक्षतामा केन्द्रीय समन्वय समिति (Central Co-ordination Committee) रहेको छ । यसले लेखापरीक्षण कार्यको अनुगमन तथा मूल्याङ्कनसमेत गर्दछ । महालेखापरीक्षकको मातहतमा संगठन विकास तथा व्यवस्थापन, आर्थिक तथा सामाजिक सेवा, पूर्वाधार विकास र संवैधानिक निकाय, सुरक्षा तथा स्थानीय विकास महाशाखा हेर्ने गरी चार उप-महालेखापरीक्षक (राजपत्राङ्कित विशिष्ट श्रेणी) र महाशाखाअन्तर्गत विभिन्न महानिर्देशनालय हेर्ने गरी १४ नायब महालेखापरीक्षक (राजपत्राङ्कित प्रथम श्रेणी) को व्यवस्था गरिएको छ । महानिर्देशनालयअन्तर्गत निर्देशक (राजपत्राङ्कित द्वितीय श्रेणी) को नेतृत्व रहने गरी २७ निर्देशनालयहरुको व्यवस्था गरिएको छ । निर्देशनालयको कार्यसम्पादनका लागि निर्देशकको मातहतमा कार्यबोझअनुसार लेखापरीक्षण अधिकारी (राजपत्राङ्कित तृतीय श्रेणी) देखि कार्यालय सहयोगी (श्रेणीविहीन) सम्मका कर्मचारीहरु रहेका छन् ।

२. संविधान प्रदत्त कर्तय एवं जिम्मेवारी

नेपालको संविधानमा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सो को कार्यालय, अदालत, महान्यायाधिबक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायत सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । यसैगरी पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षणका लागि कार्यालयबाट परामर्श प्रदान गर्ने गरिएको छ । यस अतिरिक्त संस्थासम्बन्धी विशेष ऐन तथा कार्यकारी निर्णयले गठित समिति, प्रतिष्ठान, विश्वविद्यालयलगायतको लेखापरीक्षण महालेखापरीक्षकले गर्नुपर्ने गरी तोकिएकोमा कार्यालयबाट लेखापरीक्षण गर्ने गरिएको छ । लेखापरीक्षण ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरु र नेपाल सरकारको पूर्ण एवं अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षणको सम्बन्धमा गरिनुपर्ने कामहरुको बारेमा व्यवस्था गरेको छ । लेखापरीक्षण ऐनमा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकद्वारा हुने र अधिकांश स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ ।

संविधान एवं कानुनमा व्यवस्था भएबमोजिम महालेखापरीक्षकको कार्यक्षेत्रभित्र देहायबमोजिमको लेखापरीक्षण गर्ने, परामर्श दिने र निर्देशन दिनेसम्बन्धी कार्य पर्दछन्:

- सर्वोच्च अदालत, व्यवस्थापिका-संसदलगायत सबै संवैधानिक अङ्ग, सुरक्षा निकाय र सरकारी कार्यालयहरुको लेखापरीक्षण,
- नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षण,
- महालेखापरीक्षकले परीक्षण गर्नुपर्ने गरी कानुनद्वारा तोकिएका विश्वविद्यालय, प्राधिकरण, प्रतिष्ठान, विभिन्न कोष, विकास समिति तथा जिल्ला विकास समितिहरुको लेखापरीक्षण,
- नेपाल पक्ष रहेका सन्धि सम्झौताअन्तर्गतका निकायहरुको लेखापरीक्षण,
- नेपाल सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षक नियुक्तिमा परामर्श,
- लेखासम्बन्धी व्यवस्था मिलाउन र नियमितता ल्याउनको लागि सम्बन्धित सरकारी निकाय वा संगठित संस्थालाई निर्देशन, र

- लेखाव्यवसायको विकास, संरक्षण र सम्वर्धन गर्ने सम्बन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स परिषद्लाई निर्देशन ।

महालेखापरीक्षकले उपर्युक्तबमोजिम लेखापरीक्षण गरी आफूले गरेको कामको वार्षिक प्रतिवेदन संविधानको धारा २९४ अनुसार राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेस गर्न लगाउने व्यवस्था छ । उक्त प्रतिवेदनमा संविधान प्रदत्त जिम्मेवारी पूरा गर्न महालेखापरीक्षकबाट निकायहरुको वित्तीय एवं कार्यमूलक लेखापरीक्षण गर्ने, संगठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्त सम्बन्धमा आवश्यक निर्देशन दिने, लेखासम्बन्धी कागजात जुनसुकै बखत हेर्ने र लेखाको ढाँचा तोक्नेलगायतका कार्य भई आएको छ ।

३. लेखापरीक्षणमान र कार्यपद्धति

महालेखापरीक्षक सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको सदस्यको हैसियतले सो संगठनबाट स्वीकृत लेखापरीक्षणमान, मार्गदर्शनको क्रमशः कार्यान्वयन गरी लागू गर्दै आएको छ । महालेखापरीक्षकको कार्यालयबाट सो संगठनबाट जारी भएका अन्तर्राष्ट्रिय लेखापरीक्षणमानमा आधारित भई वित्तीय लेखापरीक्षण एवं कार्यमूलक लेखापरीक्षणमान एवं निर्देशिकाहरु तयार गरी लागू गर्ने प्रयत्न भएको छ ।

३.१ **लेखापरीक्षणमानः** कार्यालयले संवैधानिक एवं कानुनी व्यवस्था, लेखापरीक्षणमान, विभिन्न क्षेत्रगत मार्गदर्शन एवं निर्देशिकालाई आधार बनाएर लेखापरीक्षण एवं प्रतिवेदन गर्ने र लेखापरीक्षणको गुणस्तर आश्वस्तता गर्ने गरेको छ ।

३.२ **लेखापरीक्षण कार्यपद्धतिः** लेखापरीक्षण ऐन, २०४८ ले महालेखापरीक्षकलाई लेखापरीक्षणको क्षेत्र, पद्धति, मात्रा र समय निर्धारण गर्ने अधिकार प्रदान गरेको छ । प्रत्येक वर्ष महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण सञ्चालन गर्नु अघि वार्षिक कार्ययोजना तयार गरी लेखाउत्तरदायी अधिकृतका हैसियतमा रहेका मन्त्रालय/निकायका सचिवलाई जानकारी दिने गरेको छ । उक्त कार्ययोजनाको आधारमा सम्बन्धित महानिर्देशनालयहरुले मन्त्रालयगत समष्टिगत लेखापरीक्षण योजना र लेखापरीक्षण गर्नुपर्ने प्रत्येक कार्यालयहरुको इकार्यगत लेखापरीक्षण योजना तयार गरिन्छ । हरेक वर्ष निश्चित आधारहरु जस्तै कारोबारको परिमाण, प्रकृति, भौगोलिक क्षेत्र आदि पक्षलाई विचार गरी जिल्ला छनौट गरी लेखापरीक्षण टोली खटाई जिल्लाका विभिन्न मन्त्रालयमातहतका कार्यसञ्चालन स्तरका कार्यालयहरुको लेखापरीक्षण स्थलगत रुपमा सम्पन्न गरिन्छ ।

लेखापरीक्षण सम्पन्न भएपछि ३५ दिन म्याद दिई प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण गरिएको निकायलाई उपलब्ध गर्राई सोको एक/एक प्रति तालुक मन्त्रालय, विभाग र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाइन्छ । लेखापरीक्षण मानदण्ड, २०५३ र विभिन्न मार्गदर्शन एवं निर्देशिकाको अधीनमा रही कार्यालयबाट लेखापरीक्षण एवं प्रतिवेदन गर्ने गरिन्छ । सम्पादित लेखापरीक्षण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर मूल्याङ्कन तथा पुनरावलोकन गरी प्रतिवेदन गर्ने पद्धति अवलम्बन गरिएको छ । वार्षिक प्रतिवेदन तयार गर्दा प्रत्येक निर्देशनालयले मन्त्रालयगत मस्यौदा प्रतिवेदन तयार गर्ने र सो सम्बन्धमा समितिमा छलफल एवं पुनरावलोकन पश्चात् प्रतिवेदन अन्तिम गरिन्छ ।

३.३ **लेखापरीक्षण कार्यविधिः** यो वर्षसरकारी कार्यालय, समिति, प्रतिष्ठान र जिल्ला विकास समितिको लेखापरीक्षण गर्दा १ हजार २९६ कार्यालयको संक्षिप्त लेखापरीक्षण कार्यविधि र ३ हजार २७० कार्यालयको जोखिम विश्लेषणसहितको विस्तृत लेखापरीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण सम्पन्न गरिएको छ । कार्यमूलक लेखापरीक्षण क्रममा केहीमा स्थलगत अवलोकनसहित नागरिक समाज,

लाभग्राही समूहलगायत सरोकारवालालाई समेत छलफल तथा अन्तरक्रियामा सहभागी गराई प्राप्त सूचनासमेतको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ ।

३.४ निर्देशिका तथा मार्गदर्शन तर्जुमा

- **सरकारी लेखापरीक्षकको आचारसंहिता, २०७०:** सरकारी लेखापरीक्षकको निष्ठा, स्वतन्त्रता, निष्पक्षता, गोपनीयता र पेसागत नैतिक आचरण तथा मूल्य मान्यताको पालनाबाट यस कार्यालयको संवैधानिक जवाफदेहिता पूरा गर्न, लेखापरीक्षण कार्यप्रति सरोकारवालाहरुको विश्वास अभिवृद्धि गर्न र सार्वजनिक क्षेत्रमा पारदर्शिता एवं उत्तरदायित्व प्रवर्द्धन गर्न सकिने तथ्यलाई दृष्टिगत गरी "सरकारी लेखापरीक्षकको आचारसंहिता, २०७०" स्वीकृत गरी कार्यान्वयनमा ल्याइएकोमा यो वर्ष त्यसमा आवश्यक परिमार्जनसमेत गरिएको छ । आचारसंहिता अनुगमन समितिबाट अनुगमन हुने गरेको छ ।

- **जोखिममा आधारित लेखापरीक्षण मार्गदर्शनः** महालेखापरीक्षकको कार्यालयले सम्पादन गर्ने लेखापरीक्षण कार्यलाई व्यवस्थित गरी बढी जोखिम देखिएका कार्यालयमा विस्तृत रुपमा र कम जोखिम देखिएका कार्यालयमा सामान्य रुपमा कार्यालयका जनशक्ति परिचालन गर्ने उद्देश्यले जोखिममा आधारित लेखापरीक्षणलाई व्यवस्थित गर्न आवश्यकता महसुस भई २०६९।८।८ मा जोखिममा आधारित लेखापरीक्षण मार्गदर्शन स्वीकृत गरी लागू गरिएको छ । मार्गदर्शनलाई पूर्णरुपमा कार्यान्वयन गर्न आवश्यक निर्देशिकाहरू तयार गर्ने कार्य संस्थागत सुदृढीकरण आयोजनाबाट सम्पन्न भएको छ ।

- **वित्तीय लेखापरीक्षण मार्गदर्शनः** कार्यालयले कार्यान्वयनमा ल्याएको सरकारी लेखापरीक्षण सञ्चालन मार्गदर्शनलाई सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनले जारी गरेको मानदण्डको आधारमा सुधार गर्न वित्तीय लेखापरीक्षण मार्गदर्शन २०७३ तयार गरी कार्यान्वयन चरणमा रहेको छ । उक्त मार्गदर्शन लागू भएपछि कार्यालयको वित्तीय लेखापरीक्षण अन्तर्राष्ट्रिय स्तरको हुने अपेक्षा गरिएको छ ।

- **प्रकोप व्यवस्थापन लेखापरीक्षण मार्गदर्शनः** कार्यालयले २०७२।४।२४ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको प्रकोप व्यवस्थापन लेखापरीक्षण मार्गदर्शन, २०७२ सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनले जारी गरेको मानदण्डबमोजिम रहेको छ ।

- **आन्तरिक नियन्त्रण निर्देशिकाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ को व्यवस्थाअनुसार आन्तरिक नियन्त्रण कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

३.५ लेखापरीक्षण व्यवस्थापन

- **कार्यमूलक लेखापरीक्षणः** यो वर्ष ३० विषयको कार्यमूलक लेखापरीक्षण, १ विषयको वातावरणीय लेखापरीक्षण सम्पन्न भएको छ

- **सूचना प्रविधि लेखापरीक्षणः** यो वर्षभूमिसुधार तथा व्यवस्था मन्त्रालय, शहरी विकास मन्त्रालय, शिक्षा मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत ७ विषयको सूचना प्रविधिमा आधारित लेखापरीक्षण गरिएको छ ।

- संगठित संस्थाको लेखापरीक्षणः लेखापरीक्षण ऐन, २०४८ को दफा ६ अनुसार नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षण गर्न नियुक्त बाह्य लेखापरीक्षक तथा कार्यालयको जनशक्तिबाट लेखापरीक्षण सम्पन्न गरी यस वर्ष २७ संस्थाको ३३ आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी भएका छन् । यस वर्ष १५ संस्थाको ४१ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न हुन नसकी बक्यौता रहेको छ । आर्थिक वर्ष २०७३।७४ मा ३६ संस्थाको लेखापरीक्षण

सम्पन्न गर्न ३९ लेखापरीक्षकलाई सहायकको रुपमा नियुक्त गरिएको छ । त्यस्तै लेखापरीक्षण ऐन, २०४८ को दफा (७.२) अनुसार नेपाल सरकारको अधिकांश स्वामित्व भएको संस्थामध्ये २१ संस्थाको २३ आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्तिको परामर्श उपलब्ध गराइएको छ । प्रतिवेदन अवधिमा कार्यालयको जनशक्तिबाट २ संस्थाको लेखापरीक्षण सम्पन्न भएको छ ।

- **अन्तर्राष्ट्रिय संस्थाको लेखापरीक्षणः** काठमाडौंस्थित सार्क सचिवालय (SAARC Secreteriat) लगायत ७ मुलुकहरुमा रहेका सार्क केन्द्र र परिषद्हरुको सन् २०१५ को अन्तिम लेखापरीक्षण सम्पन्न भएको छ ।

- **लेखापरीक्षणको अन्तिम प्रतिवेदनः** लेखापरीक्षणका मान्य सिद्धान्तअनुसार लेखापरीक्षण गरिएका वित्तीय विवरणहरु उपर रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नुपर्ने हुन्छ । संगठित संस्थाको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्दा सम्बन्धित संस्थाको वित्तीय विवरणउपर राय दिने गरी आएको छ । गत वर्ष अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयलगायत केन्द्रीयस्तरका निकायहरुको अन्तिम प्रतिवेदन र सञ्चितकोषको हकमा रायसहितको अन्तिम प्रतिवेदन जारी गरिएकोमा सो कार्यलाई यस वर्षपनि निरन्तरता दिइएको छ । यो वर्षसञ्चित कोषसमेत केन्द्रीयस्तरका निकाय, मन्त्रालय, नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्था र जिल्ला विकास समितिहरुबाट प्रारम्भिक प्रतिवेदनको प्राप्त प्रतिक्रियासमेतमा कारबाही गरी अन्तिम प्रतिवेदन जारी गरिएको छ ।

- **रायसहितको लेखापरीक्षण प्रतिवेदनः** यो वर्षमहालेखा नियन्त्रक कार्यालयले तयार गरेको सञ्चित कोषको हिसाबउपर रायसहितको प्रतिवेदन उपलब्ध गराइएको छ । केन्द्रीय निकायबाट पेस भएका ३९ केन्द्रीय आर्थिक विवरणउपर रायसहितको लेखापरीक्षण प्रतिवेदन दिइएको छ । रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको मध्ये एक निकायको केन्द्रीय आर्थिक विवरण सम्बन्धमा कैफियतरहितको र ३८ निकायको सम्बन्धमा कैफियतसहितको लेखापरीक्षण प्रतिवेदन दिइएको छ । संगठित संस्थातर्फविगत र यो वर्षको समेत ३३ संस्थाको ४२ आर्थिक वर्षको सम्बन्धमा ४ संस्थाको ५ आर्थिक वर्षको कैफियतरहित र २९ संस्थाको ३७ आर्थिक वर्षको सम्बन्धमा कैफियतसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ ।

- **आयोजना हिसाबको लेखापरीक्षणः** नेपाल सरकार र दातृ राष्ट्र/निकायबीच भएको सम्झौताअनुसार यो वर्ष ६८ आयोजनाको आयोजना हिसाबको लेखापरीक्षण प्रतिवेदन दिनुपर्नेमा ४० आयोजनाको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ । आयोजना हिसाब सम्बन्धमा रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको मध्ये विश्व बैङ्क, अन्तर्राष्ट्रिय विकास संस्थातर्फ १५, एसियाली विकास बैङ्कतर्फ २२ र अन्य दातृ/राष्ट्ररनिकायतर्फ ३ रहेको छ । आयोजनाहरु २८ ले आयोजना हिसाब प्रमाणीकरणका लागि पेस गरेका छैनन् ।

- **विद्युतीय कार्यपत्रः** विद्युतीय कार्यपत्रको माध्यमबाट प्रतिवेदन गर्ने व्यवस्था अनुरुप यो वर्ष ७४ वटा निकायको विद्युतीय कार्यपत्रको माध्यमबाट लेखापरीक्षण कार्यसम्पन्न गरिएको छ ।

- **लेखामानमा आधारित वित्तीय विवरण उपर रायः** यो वर्षनेपाल सरकारका १५ निकायको सार्वजनिक क्षेत्र लेखामानमा आधारित भई तयार भएको वित्तीय विवरण उपर रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ । नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुरुप उक्त निकायबाट वित्तीय विवरण पेस भएकोले अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन प्रणालीको शुरुआत गरिएको छ ।

- **सम्परीक्षणः** लेखापरीक्षणबाट कायम भएका सम्परीक्षण गर्न बाँकी बेरुजू आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ को व्यवस्थाअनुसार सम्बन्धित निकायले फछ्र्यौट गरी स्थलगत रुपमा नै सम्परीक्षण गराउन अनुरोध गर्ने र माघ महिनापछि यस कार्यालयमा अनुरोध गर्ने र अनुरोध भएको १५ दिनभित्र सम्परीक्षणको जानकारी गराउने नीति कार्यालयले लिएको थियो । तद्अनुरुप २०७२

श्रावणदेखि २०७३ आषाढ मसान्तसम्म नेपाल सरकारको कार्यालयले रु.१८ अर्ब १४ करोड १४ लाख २२ हजार सम्परीक्षण गराएका छन् ।


- **वार्षिक लेखापरीक्षण योजनाः** २०७२।७३ को कारोबारको लेखापरीक्षण कार्य नियोजित रुपमा छिटो छरितो, मितव्ययी एवं दक्षतापूर्ण तवरले सम्पादन गर्न लेखापरीक्षणको उद्देश्य, पद्धति, क्षेत्र, लेखापरीक्षणमा जोड दिइने विषयहरु, प्रतिवेदन व्यवस्था, लेखापरीक्षणका आधारहरु, गुणस्तर पुनरावलोकन, समिष्टगत योजना, तालिम तथा जनशक्ति विकास, कार्यतालिका लगायतका विषयहरु समेटी वार्षिक लेखापरीक्षण योजना, २०७३ तर्जुमा गरी लागू गरिएको छ ।
- **वार्षिक नीति एवं कार्यक्रमः** २०७२।७३ को कारोबारको लेखापरीक्षण २०७३ श्रावणमा शुरु गरी माघसम्ममा सम्पन्न गर्ने र चैत्र मसान्तभित्र वार्षिक प्रतिवेदन पेस गर्ने लक्ष्यसहित कार्यतालिका तयार गरिएको छ । उक्त कार्यतालिका २०७३।३।३० मा लेखाउत्तरदायी अधिकृतहरुलाई जानकारीको लागि पठाइएको छ ।
- **समष्टिगत तथा निकायगत लेखापरीक्षण योजनाः** समष्टिगत तथा निकायगत लेखापरीक्षण योजनाको ढाँचामा परिमार्जन गरी समष्टिगत तथा निकायगत लेखापरीक्षण योजनाको ढाँचा, २०७३ लागू गरिएको छ । उक्त योजना मूलतः जोखिम पहिचान र मूल्याङ्कनको अवधारणामा आधारित छ । निकायगत लेखापरीक्षण योजनामा विस्तृत र संक्षिप्त कार्यविधिबाट सम्पन्न हुने लेखापरीक्षण योजना एवं कार्यक्रमको ढाँचा रहेका छन् ।
- **संयुक्त लेखापरीक्षण टोलीको लागि निर्देशनः** जिल्लामा खटिने संयुक्त लेखापरीक्षण टोलीको कार्यसञ्चालन सम्बन्धमा प्रवेश तथा बहिर्गमन बैठक (Entry and Exit Meeting) सम्परीक्षणलगायतका विषय समावेश गरी तयार गरिएको निर्देशनअनुरुप लेखापरीक्षण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- **सुपरिवेक्षणः** स्थलगत लेखापरीक्षणको सुपरिवेक्षण गर्ने विधि, सुपरिवेक्षकको जिम्मेवारी र सुपरिवेक्षण गरी पेस गरिने प्रतिवेदनको ढाँचा समेटी लागू गरिएको सुपरिवेक्षणसम्बन्धी निर्देशिका, २०६९ अनुरुप सुपरिवेक्षण गर्ने कार्य गर्ने गरिएको छ ।


३.६ **गुणस्तर आश्वस्तताः** कार्यालयले लागू गरेको गुणस्तर पुनरावलोकन निर्देशिकाअनुसार २०७२।७३ मा सम्पन्न गरिएका वित्तीय लेखापरीक्षणमध्ये नमूनाको रुपमा छनौट गरी वित्तीय तथा नियमित लेखापरीक्षणतर्फ ४३, संगठित संस्थाको लेखापरीक्षणतर्फ ३ फाइलहरुको र कार्यमूलक र सूचना प्रविधि लेखापरीक्षणतर्फ ४ समेत गरी ५० फाइलहरुको गुणस्तर आश्वस्तता पुनरावलोकन गरिएको छ । पुनरावलोकनमा निकायको जानकारी, लेखापरीक्षण योजना तथा कार्यक्रम तयारी, जोखिम क्षेत्र पहिचान र सोको कार्यान्वयन, आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, सङ्कलित प्रमाणको अभिलेख व्यवस्थापन, नमूना छनौट प्रक्रिया, लेखापरीक्षकको कार्यविवरण तथा कार्यविधिको अभिलेखीकरण, आचारसंहिताको घोषणा तथा पालना, गुणस्तर नियन्त्रण कार्यविधिहरु, कानुन नियमहरुको पालना, लेखापरीक्षण कार्यपत्र एवं प्रतिवेदनको पुनरावलोकन, लेखापरीक्षण टोलीको सुपरिवेक्षण तथा निकायबाट प्राप्त प्रतिक्रियाउपर कारबाही गरी अन्तिम प्रतिवेदन जारी गर्नेलगायतका क्षेत्रमा गुणस्तर आश्वस्तता मूल्याङ्कन/पुनरावलोकन गरी थप सुधारका क्षेत्रहरु पहिचान गर्ने गरिएको छ । यसका अतिरिक्त कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको मूल्याङ्कन गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) बाट पारित सूचकका आधारमा २०७२।७३ मा लेखापरीक्षण सम्पन्न भएका फाइलहरुमध्ये प्रत्येक लेखापरीक्षण टोलीको न्यूनतम एउटा फाइल पर्ने गरी नमूना छनौटको विधिबाट यो वर्ष१०० फाइल छनौट गरी प्राप्त नतिजाको आधारमा कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताको लागि गुणस्तरबापतको अङ्क गणना गरी लेखापरीक्षणलाई प्रोत्साहन भत्ता वितरणसँग आवद्ध गरिएको छ ।

४. मानव संसाधन

यस कार्यालयमा निजामती सेवा ऐन, २०४९ बमोजिम नेपाल लेखापरीक्षण सेवा, नेपाल विविध सेवाका कर्मचारीहरु आवद्ध रहेका छन् । यस वर्ष कर्मचारी प्रशासन, तालिम र जनशक्ति विकासको अवस्था निम्नानुसार रहेको छः

- **दरबन्दी र पदपूर्तिः** महालेखापरीक्षकको कार्यालयको स्वीकृत दरबन्दी ४४८ रहेकोमा ३८१ पदपूर्ति भई ६७ पद रिक्त रहेको छ । कुल पदपूर्ति मध्ये ४० (१०.५० प्रतिशत) महिला र ३४४ (८९.५० प्रतिशत) पुरुष कर्मचारी छन् । कर्मचारी दरबन्दी र पदपूर्तिको तालिका १ संलग्न छ ।





- **नियुक्ति र पदस्थापनः** यो वर्ष लोक सेवा आयोगबाट सिफारिस भई आएका लेखापरीक्षण अधिकारी ८, लेखापरीक्षण अधीक्षक ६, लेखापरीक्षण निरीक्षक १ र सहायक कम्प्युटर अपरेटर १ समेत २५ कर्मचारीको नियुक्ति एवं पदस्थापन गरिएको छ । नियुक्ति एवं पदस्थापनको तालिका २ संलग्न छ ।
- **बढुवाः** यो वर्ष नायब महालेखापरीक्षक २, निर्देशक ७, लेखापरीक्षण अधिकारी ४, लेखापरीक्षण अधीक्षक ६ र टाइपिष्ट द्वितिय १ समेत २१ कर्मचारी कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवा हुनुभएको छ । यससम्बन्धी तालिका ३ संलग्न छ ।
- **सेवा निवृत्तः** यो वर्ष उमेर हद र राजीनामा समेतबाट उप-महालेखापरीक्षक ३, नायब महालेखापरीक्षक १, निर्देशक ७, लेखापरीक्षण अधिकारी ५, टाइपिष्ट प्रथम १, टाइपिष्ट द्वितीय र हलुका सवारीचालक १ समेत १९ कर्मचारी सेवा निवृत्त हुनुभएको छ । तालिका ४ संलग्न छ ।
- **तालिम तथा जनशक्ति विकासः** यो वर्ष यस कार्यालय, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, सार्वजनिक खरिद अनुगमन कार्यालय, सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय, लेखामान बोर्ड आदिबाट राजपत्राङ्कित कर्मचारीहरु तथा राजपत्र अनङ्कित कर्मचारीहरुको लागि आयोजना गरिएको सेवा प्रवेश तालिम, सी.पी.ई. तालिम, अंग्रेजी भाषा तालिम, Human Resource Management, Financial Management Audit, NFRS, Capacity Development and Management, सार्वजनिक खरिद, निर्माण, आयोजना हिसाब, आन्तरिक नियन्त्रण, जोखिम क्षेत्र पहिचान, परियोजना व्यवस्थापन, सम्झौता सीपलगायत विभिन्न विषयमा स्वदेशमा सञ्चालित तालिम, गोष्ठी, सेमिनार आदिमा कार्यालयका कर्मचारीहरुले सहभागिता जनाएको छ ।

  त्यसैगरी Environmental Audit, Audit of Public Sector Enterprises लगायत विदेशमा सञ्चालित तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमण आदि विषयमा सहभागिता जनाएको छ ।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट सञ्चालित वरिष्ठ कार्यकारी विकास कार्यक्रम तालिममा २ नायब महालेखापरीक्षकको सहभागिता रह्यो ।

- **वैदेशिक तालिम, र अध्ययन बैठकः** २०७२।७३ मा महालेखापरीक्षकको कार्यालयबाट विभिन्न मुलुकमा आयोजना भएको देहायअनुसारका तालिम, अध्ययन, अवलोकन, कार्यशालामा सहभागिता भएको छ ।

सि.नं.	मुलुक	कार्यक्रम	अवधि दिन	संख्या
१	थाइलैण्ड	एसोर्साई बोर्ड मिटिङ	३	३
२	मलेसिया	लेखापरीक्षणसम्बन्धी तालिमहरु	५	११
३	चीन	लेखापरीक्षणसम्बन्धी सेमिनार र भ्रमण	७	५
४	फिलिपिन्स	अध्ययन भ्रमण	७	५
५	जमैका	ऋण व्यवस्थापन गोष्ठी	३	१
६	पाकिस्तान	लेखापरीक्षणसम्बन्धी तालिम	१५	१८
७	नर्वे	वातावरणीय कार्यमूलक ले.प.सम्बन्धी	६	३
८	इन्डोनेसिया	एसोर्साई तालिम	३	२
९	भुटान	इर्साई कार्यान्वयन	५	१
१०	दक्षिण कोरिया	अध्ययन	१.५ वर्ष	१
११	बंगलादेश	सेमिनारमा सहभागिता	३	२
१२	भारत	र्साई पि.एम्.एफ्.सम्बन्धी	१५	१
१३	सुडान	यू.एन.मिसन		१
१४	अमेरिका, क्यानाडा	अध्ययन भ्रमण		४
		जम्मा		**५८**

- **रमानाः** यस कार्यालयमा कार्यरत १२ कर्मचारीहरु यस वर्षअन्य सेवामा नयाँ नियुक्ति भएकोले कार्यालयबाट रमाना भएका छन् । तालिका ४ संलग्न छ ।

- **राजीनामाः** यस कार्यालयका निर्देशक श्री सुदन प्रसाद पौडेलले मिति २०७२।४।२५, निर्देशक श्री भवनाथ दाहालले मिति २०७२।७।१३ र लेखापरीक्षण अधिकारी श्री लक्ष्मीकुमारी शिवाकोटीले मिति २०७२।४।२५ देखि लागू हुने गरी दिएको राजीनामा स्वीकृत भएको छ ।

- **विभूषणः** गणतन्त्र दिवसको अवसरमा २०७३।२।१५ मा माननीय महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यले प्रसिद्ध प्रवल जनसेवाश्री, नायब महालेखापरीक्षक श्री बाबुराम गौतमले सुप्रवल जनसेवाश्री तथा लेखापरीक्षण अधिकारी श्री रमेश नेपालले प्रवल जनसेवाश्री विभूषण प्राप्त गर्नुभएको छ ।

- **निजामती सेवा पुरस्कारः** निजामती सेवा दिवस, २०७२ को अवसरमा यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री प्रद्युम्न न्यौपाने निजामती सेवा पुरस्कारबाट पुरस्कृत हुनुभएको छ ।

५. आन्तरिक व्यवस्थापन

- **रणनीतिक योजना (२०१६-२०२०)**: रणनीतिक योजना (२०१६-२०२०) स्वीकृत भई यही जनवरी १, २०१६ (पौष १७, २०७२) देखि लागू भएको छ । तेस्रो रणनीतिक योजनाले लेखापरीक्षणको गुणस्तर र प्रभाव सुधार गर्ने, आन्तरिक सुशासनमा अधिवृद्धि गर्ने, संगठनात्मक क्षमताको विकास गर्ने, स्वतन्त्रता र क्षेत्राधिकारकमा सुधार गर्ने र बाह्य सरोकारवालासँग सम्बन्ध कायम गरी सम्बन्ध विकास गर्ने लक्ष्यहरु तय गरिएको छ । रणनैतिक योजनाको आधारमा कार्यसञ्चालन योजना तयार गरी क्रियाकलाप अगाडि बढाइएको छ ।

- **लेखापरीक्षण सल्लाहकार समिति बैठकः** सार्वजनिक वित्तीय व्यवहारमा पारदर्शिता, जवाफदेहिता विधिको पालनाको माध्यमबाट सुशासन प्रवर्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालयले आफ्नो कामकारबाहीलाई अझ व्यवस्थित गर्न

लेखापरीक्षणमा गुणस्तरीयता र विश्वसनीयता अभिवृद्धि गरी लेखापरीक्षणको प्रभावकारिता बढाउन २०७०।९।४ मा महालेखापरीक्षकले १५ सदस्यीय लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको छ । लेखापरीक्षणसम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरूले प्रतिपादन गरेका सिद्धान्त, असल अभ्यास तथा अन्य मुलुकहरूको प्रचलनसमेतका आधारमा सार्वजनिक लेखापरीक्षणमा गर्नुपर्ने सामयिक सुधार, लेखापरीक्षण प्रणालीमा अवलम्बन गर्नुपर्ने नवीन अवधारणा, लेखापरीक्षणबाट सरोकारवालाहरूको अपेक्षा, महालेखापरीक्षकको वार्षिक प्रतिवेदन प्रणालीमा गरिनुपर्ने सुधार र समग्र रुपमा मुलुकको सार्वजनिक आर्थिक प्रशासनमा लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न महालेखापरीक्षकलाई सूचना, राय, सल्लाह तथा सुझाव दिनका लागि सल्लाहकार समिति गठन गरिएको छ ।

समितिको बैठक वर्षमा कम्तीमा ३ पटक आवश्यक विषयमा छलफल गर्नका लागि बस्ने व्यवस्था गरिएको छ । समितिमा सदस्यहरू मानार्थ रुपमा रहने र समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्ने गरी तोकिएको छ ।

समितिको बैठक यो वर्ष मिति २०७२।८।१६, मिति २०७२।११।१७ र २०७३।२।२६गरी ३ पटक बसेको थियो । यसबाट मुलुकको सार्वजनिक, आर्थिक प्रशासनमा लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुगेको अपेक्षा गरिएको छ

- **रणनैतिक योजना तयारी समितिः** कार्यालयको रणनैतिक योजना २०१६-२०२० तयारीको लागि देहाय अनुसारको समिति गठन भई कार्य सम्पन्न भएको छः

  १. उपमहालेखापरीक्षक श्री मोहदत्त तिमिल्सिना
  २. नायब महालेखापरीक्षक श्री ईश्वर नेपाल
  ३. नायब महालेखापरीक्षक श्री बिन्दु बिष्ट
  ४. निर्देशक श्री चन्द्रकान्त भण्डारी
  ५. लेखापरीक्षण अधिकारी श्री कृष्णप्रसाद शर्मा

- **कार्यदल गठनः** नागरिक समाजका संस्थाहरूलाई कार्यमूलक लेखापरीक्षणमा सहभागी गराउने सम्बन्धमा निम्न अनुसारको स्टेरिङ्ग कमिटी गठन भएको छः

  श्री मोहदत्त तिमिल्सिना - संयोजक
  श्री बाबुराम गौतम - सदस्य
  श्री महेश्वर काफ्ले - सदस्य
  श्री पृथ्वीराज लिगल - सदस्य

- **आयोजना हिसाब अध्ययन समितिः** विकास साझेदार संस्थाहरुको सहभागितामा सञ्चालित आयोजनाहरुलाई उपलब्ध गराउनुपर्ने आयोजना हिसाबमा एकरुपता कायम गर्नका लागि कार्यालयमा देहायअनुसार कार्यक्षेत्र रहने गरी समिति गठन भएकोमा सो समितिले नै यस वर्ष पनि कार्य गरिरहेको छः

  समिति नं. १ - ना.म.ले.प.श्री बाबुराम गौतम - संयोजक - संगठन विकास तथा व्यवस्थापन र संवैधानिक निकाय, सुरक्षा तथा स्थानीय विकास महाशाखा अन्तर्गतका आयोजना हिसाब
  निर्देशक श्री चन्द्रकान्त भण्डारी - सदस्य

  समिति नं. २ - ना.म.ले.प. श्री रामुप्रसाद डोटेल - संयोजक - पूर्वाधार विकास र आर्थिक तथा सामाजिक सेवा महाशाखा अन्तर्गतका आयोजना हिसाब
  निर्देशक श्री वैकुण्ठबहादुर अधिकारी - सदस्य

- आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ को लागि संशोधनमा सुझाव पठाइएको छ ।
- **ले**खापरीक्षण ऐन २०७२ को मस्यौदा तयार गरी आवश्यक कारवाहीको लागि अर्थ मन्त्रालयमा पठाइएको र हाल कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयमा छलफलमा रहेको छ ।

- **अन्य समितिः** कार्यालयको कामकारबाही सुचारु रुपले सञ्चालन गर्न देहायका समितिसमेत गठन भई कार्यान्वयनमा रहेका छन्:

क्र.सं.	समिति
१	म.ले.प.सुदृढीकरण आयोजना व्यवस्थापन
२	शासकीय सुधार इकार्य
३	खरिद इकार्य
४	मूल्याङ्कन समिति (बोलपत्र, दरभाउपत्र, प्रस्ताव)
५	अन्य निकायः • ICAN पार्षद् • ICAN अनुशासन समिति • लेखामान बोर्ड • लेखापरीक्षणमान बोर्ड • PEFA Secretariate • NPSAS निर्देशक समिति • प्रशासन पुनरसंरचना कार्यदल

- **सम्पर्क व्यक्ति (Focal Point):** २०७२।७३ मा सम्बन्धित निकायसँग समन्वय गरी कार्यसम्पादन गर्नका लागि निम्न कर्मचारीहरुलाई सम्पर्कव्यक्तिको रुपमा तोकिएको थियोः

क्र.सं.	पद, नाम	तोकिएको मिति	विषय	प्रमुख कार्य
१	निर्देशक श्री त्रिलोचन आचार्य		सहायक प्रवक्ता, सहायक सम्पर्कअधिकृत	सूचना सङ्कलन र सोको अभिलेख राख्ने
२	निर्देशक श्री गणेशप्रसाद पौडेल		सहायक सूचना अधिकारी	सूचना सङ्कलन एवं सोको अभिलेख राख्ने
३	ले-प-अधिकारी श्री रामचन्द्र पौडेल		सरकारी पोर्टल	सरकारी सूचना पोर्टलमा अद्यावधिक गर्ने

- **वार्षिकोत्सवः** महालेखापरीक्षकको कार्यालयको ५८ औं वार्षिकोत्सव अवसरमा २०७३।३।१५ का दिन मनाइयो ।

- **सूचना सङ्कलनः** कार्यालयबाट वर्षभर सम्पादित कामको नतिजाको रुपमा वार्षिक प्रतिवेदन तयार गर्ने गरिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को प्रयोजनका साथै प्रतिवेदनहरुको अभिलेखीकरण गरी संस्थागत स्मरण (Institutional Memory) कायम राख्न शुरुदेखिका वार्षिक प्रतिवेदन, लेखापरीक्षण पत्रिकालगायतका प्रकाशनहरु र कार्यालयका अन्य गतिविधिसम्बन्धी सूचनाहरु सङ्कलन कार्यलाई निरन्तरता दिइएको छ ।

- **प्रकाशनः** सरकारी लेखा, राजस्व, लेखापरीक्षणलगायत सार्वजनिक वित्त व्यवस्थापनका सान्दर्भिक विषय तथा कार्यालय गतिविधि समेटी लेखापरीक्षण पत्रिकाको ८१ औं अङ्क २०७२ पौष महिनामा २०७२ असार र पौषको संयुक्त अङ्क र २०७३ आषाढ महिनामा ८२ औं अङ्क नियमित रुपमा प्रकाशन गरिएको छ । यसबाट वित्तीय व्यवस्थापनका क्षेत्रमा संलग्न व्यक्ति एवं पाठकवर्गका लागि सहयोग मिल्ने अपेक्षा राखिएको छ । त्यसैगरी कार्यालयले आफ्नो आवधिक लक्ष्य हासिल गर्नेतर्फउन्मुख हुन एवं कामकारबाहीलाई व्यवस्थित गर्न तेस्रो रणनीतिक योजना (२०१६-२०२०), वित्तीय लेखापरीक्षण

मार्गदर्शन, कार्य सञ्चालन योजना (Operational Plan 2016-2020) र कार्यालयको सम्बन्धमा आवश्यक आधारभूत जानकारी दिने उद्देश्यले ब्रोसर तयार गरिएको छ । साथै यो वर्ष सरोकारवालाहरु कार्यालयको सम्पर्क र सम्बन्ध विस्तार गरी समाजमा कार्यालयको गरिमा बढाउनको लागि कम्युनिकेसन रणनीति स्वीकृत गरी लागू गरिएको छ ।

- **खरिदः** कार्यालयलाई आवश्यक निम्नबमोजिमका मालसामान तथा सेवा सार्वजनिक खरिद ऐन,२०६३ ले तोकेको प्रावधान अनुसार खरिद इकाई गठन गरी वार्षिक खरिद योजनाअनुसार सिलबन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमद्धारा खरिद कार्य गरिएको छ ।


क्र.सं.	खरिदको किसिम	खरिद विधि	खरिद सम्झौता रकम
१	मसलन्द सामान आपूर्ति	बोलपत्र	११००७९४।-
२	फोटोकपी तथा कम्प्युटर प्रिन्टरको टोनर आपूर्ति	बोलपत्र	५४१६००।-
३	बस सेवा	बोलपत्र	२१३४२००।-

- **विद्युतीय सुशासन (E-Governance):** कार्यालयले आफ्नो कामकारबाहीलाई व्यवस्थित गर्न निम्न विद्युतीय सुशासन प्रणाली लागू गरिएको छः
  - कर्मचारीहरुको उपस्थिति, सोको अभिलेख र बिदाको प्रतिवेदन व्यवस्थापन गर्न २०६८ वैशाखदेखि पूर्ण रुपले लागू गरेको विद्युतीय हाजिरी (E-Attendance) व्यवस्थालाई निरन्तरता दिइएको छ ।
  - कर्मचारीको अभिलेख अद्यावधिक गर्न निजामती किताबखानासँग गतवर्षसम्झौता गरी सुरु भएको कर्मचारी सूचना प्रणाली (Personnel Information System) सम्बन्धी कार्य चालु रहेको छ ।
  - गतविगत वर्षदेखि प्रारम्भ गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनहरुलाई विद्युतीय माध्यममा राख्ने कार्यलाई यो वर्षपनि निरन्तरता दिएको छ । लेखापरीक्षणसम्बन्धी कागजातको व्यवस्थापन विद्युतीय माध्यमबाट गराउन सफ्टवेयर निर्माण गर्ने कार्य पाइलटिङ्ग रुपमा परीक्षण समेत गरिएको छ ।
  - कार्यालयको लेखापरीक्षण कार्यको मासिक प्रगति प्रतिवेदन विद्युतीय माध्यमबाट सम्प्रेषण गर्ने कार्य चालु रहेको छ ।
  - कार्यालयको जिन्सी अभिलेख विद्युतीय माध्यममा राख्ने कार्यलाई निरन्तरता दिइएको छ ।
  - कार्यालयको सबै निर्देशनालय तहसम्म कम्प्युटर र इन्टरनेट/इन्ट्रानेट सुविधा पुर्‍याइएको र वेभसाइट www.oagnep.gov.np लाई Static बाट Dynamic बनाई कार्यालय सम्बन्धी सूचनाहरु समावेश गरिएको छ ।
  - कार्यालयमा दर्ता कम्प्युटरकृत गरी लेखाङ्कन गर्ने प्रणाली सञ्चालनमा छ ।

६. आय–व्ययको स्थिति

६.१ **आर्थिक कारोबारः** यस कार्यालयको २०७२।७३ को विनियोजन, राजस्व, धरौटीलगायतका आर्थिक कारोबार देहायअनुसार रहेको छः

विनियोजन



- ब.उ.शी.नं. २०८०११३ चालु खर्चतर्फयो वर्ष रु.३१ करोड ९१ लाख ९ हजार बजेट व्यवस्था भएकोमा रु.२६ करोड ३८ लाख ६४ हजार `खर्च भएको छ । त्यस्तै अर्थ बजेटतर्फ उपदानबापत रु.५ लाख ५६ हजार, सञ्चित बिदाबापत रु.९० लाख ५४ हजार र औषधि उपचारबापत रु.८८ लाख ६७ हजार गरी कुल रु.१ करोड ८४ लाख ७७ हजार खर्च भएको छ ।
- ब.उ.शी.नं. २०८००१३ चालु खर्चतर्फ यो वर्ष रु.२३ लाख ६१ हजार बजेट व्यवस्था भएकोमा रु.१९ लाख ३ हजार खर्च भएको छ ।
- ब.उ.शी.नं. २०८१०१३ चालु खर्च (महालेखापरीक्षकको कार्यालय सुदृढीकरण कार्यक्रम) तर्फ रु.१ करोड १३ लाख २८ हजार बजेट व्यवस्था भएकोमा रु.५६ लाख ३६ हजार खर्च भएको छ । यस कार्यक्रमअन्तर्गत कार्यमूलक लेखापरीक्षण सञ्चालन, कर्मचारीहरुको दक्षता वृद्धिको लागि विभिन्न तालिम (कम्प्युटर, अंग्रेजी भाषा, सेवा प्रवेश, सेवाकालीन, लेखापरीक्षण) हरु सञ्चालन, परामर्श सेवा प्राप्ति, सचिव, विभागीय प्रमुखहरुसँग अन्तरक्रियालगायतका क्रियाकलापहरु सञ्चालन गरिएको थियो ।
- ब.उ.शी.नं. २०८१०२३ चालु खर्च (महालेखापरीक्षकको कार्यालय सवलीकरण कार्यक्रम) तर्फ नेपाल सरकारले रु.५ लाख ७८ हजार र वर्ल्ड बैङ्क ट्रष्ट कोष -सोझै भुक्तानी) ले रु.९ करोड ९५ लाख ५६ हजार गरी रु.१० करोड २२ लाख १० हजार बजेट व्यवस्था भएकोमा नेपाल सरकारतर्फरु.३ लाख ५३ हजार खर्च भएको छ भने वर्ल्ड बैङ्क ट्रष्ट कोषतर्फरु.१० करोड १८ लाख ५७ हजार खर्च भएको छ । यस बजेट उपशीर्षकअन्तर्गत परामर्शदाताको पारिश्रमिक भुक्तानी, गोष्ठी, कार्यशाला, अभिमुखीकरण तथा अन्तरक्रिया सञ्चालन, वार्षिक तथा सार-संक्षेप प्रतिवेदन छपाई, वैदेशिक भ्रमणलगायतका क्रियाकलापमा खर्च भएको छ ।
- ब.उ.शी.नं. २०८१०२४ पुँजीगत (महालेखापरीक्षकको कार्यालय सवलीकरण आयोजना) तर्फबाट वर्ल्ड बैङ्क ट्रष्ट कोष (सोझै भुक्तानी) बाट रु.३० लाख बजेट व्यवस्था भएकोमा वर्ल्ड ट्रष्ट कोषबाट रु.१४ लाख ७६ हजार खर्च भएको छ । मेसिनरी औजारअन्तर्गत पुल्चोकस्थित कार्यालयमा इन्टरनेट जडान तथा टेलिफोन पीएबी बक्स जडान कार्य समपन्न भएको छ ।

राजस्व

- यस वर्षसरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त आम्दानी, अन्य बिक्रीबाट प्राप्त रकम, अन्य प्रशासनिक दस्तुर, प्रशासनिक दण्ड जरिबाना, अन्य राजस्व र बेरुजू गरी ८ वटा शीर्षकमा रु.२८ लाख ६ हजार राजस्व प्राप्त गरी सम्बन्धित शीर्षकमा सञ्चितकोष दाखिला गरिएको छ ।

धरौटी

- गत आर्थिक वर्षसम्मको जिम्मेवारी रु.२३ लाख २२ हजारमा यस आर्थिक वर्ष प्राप्त रु.४ लाख ५२ हजार प्राप्त भई रु.२७ लाख ७४ हजार आम्दानी भएकोमा रु.७ लाख ९९ हजार फिर्ता भई रु.१९ लाख ७५ हजार बाँकी रहेकोमा एकल खाता कोष निर्देशिका अनुरुप उक्त रकम कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौं पठाइएको छ ।


६.२ **लेखापरीक्षण र बेरुजू फछ्र्यौटः** यस कार्यालयको आर्थिक वर्ष२०७१।७२ को लेखापरीक्षण सम्पन्न भई लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन प्राप्त भएकोमा लगती बेरुजू कायम भएको छैन ।

६.३ **जग्गा र भवनः** नेपाल सरकारले साविकमा यो कार्यालयलाई उपलब्ध गराएको सानो गौचर ज्ञानेश्वरको जग्गा भवन निर्माणको लागि अपर्याप्त भएकोले मिति २०७०।१०।९ मा अनामनगरस्थित १० रोपनी १३ आना १ पैसा २ दाम जग्गा कार्यालयलाई उपलब्ध गराउने निर्णयभएको छ । उक्त जग्गामा कार्यालयको भवन निर्माण गर्न आवश्यक डिजाइन तयार गरी ठेक्का व्यवस्था समेत सम्पन्न गरी निर्माण कार्यान्वयन गर्ने कार्य भइरहेको छ ।

६.४ **कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता**

- मन्त्रिपरिषद्को निर्णयाट यस कार्यालयमा कार्यरत कर्मचारीलाई २०७२।७३ मा शुरु तलबमानको अधिकतम ५० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउन सूचङ्काक स्वीकृत भएको छ ।

  यो प्रणाली कार्यान्वयन गर्न देहायको समिति गठन गरी कार्यान्वयनमा ल्याइएको छ ।



- **प्रोत्साहन रकम भुक्तानीः** यो वर्षप्रोत्साहन भत्ताबापत कर्मचारीको शुरु तलबमानको कार्यसम्पादन मूल्याङ्कनको आधारमा रु ३ करोड ९४ लाख प्रोत्साहन भत्ता भुक्तानी गरिएको छ ।

७. अन्तर्राष्ट्रिय सम्बन्ध एवं सहयोग

अन्तर्राष्ट्रिय सम्बन्धः

- सार्वजनिक लेखापरीक्षणको क्षेत्रमा असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणलाई अन्तर्राष्ट्रिय स्तरअनुरुप बनाउन तथा कार्यालयले गरेका कामहरु अरु मुलुकलाई जानकारी गराउने उद्देश्यले अन्तर्राष्ट्रिय क्षेत्रमा सक्रियतापूर्वक सहभागी हुने नीति कार्यालयले अबलम्बन गरे बमोजिम यस वर्षदेहायका कार्य सम्पादन गरिएको छ ।

- महालेखापरीक्षकको नेतृत्वको प्रतिनिधिमण्डल एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाको सञ्चालन बोर्डको ५० औं बैठक, इण्डोनेसियामा आयोजित एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुका प्रमुख पदाधिकारीहरुसँगको छलफल, बंगलादेशमा आयोजित "जवाफदेही संस्थाको रुपमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको भूमिका" विषयक कार्यक्रम, भियतनाम र फिलिपिन्सको सर्वोच्च लेखापरीक्षण संस्थाको लेखापरीक्षण प्रक्रिया र पद्धति अध्ययन कार्यक्रममा सहभागी भएको थियो ।

- कार्यालयले आई.डी.आई.बाट सञ्चालित सूचना प्रविधि, सार्वजनिक ऋण र विपद् व्यवस्थापन लेखापरीक्षणको अनलाइन एवं अभ्यासमूलक तालिममा १० कर्मचारीलाई सहभागिता गराएको छ । सोही संस्थावाट सञ्चालित सर्वोच्च लेखापरीक्षण संस्थाको लागि अन्तर्राष्ट्रिय मानदण्ड (इसाई) कार्यान्वयनको मूल्याङ्कन कार्यक्रममा कार्यालयका कर्मचारी सहभागी गराइएको थियो । उक्त मूल्याङ्कन

नतिजाको आधारमा सुधारको कार्ययोजना समेत तयार गरिएको छ । यसै वर्ष मलेसिया र पाकिस्तानको सर्वोच्च लेखापरीक्षण संस्थाले आयोजना गरेको वित्तीय, कार्यमूलक एवं विपद् व्यवस्थापनको लेखापरीक्षणसम्बन्धी तालिममा कर्मचारीलाई सहभागी गराइएको छ ।

- माननीय महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यको मैत्रीपूर्ण निमन्त्रणामा मित्रराष्ट्र फिलिपिन्सको लेखापरीक्षण आयोगका अध्यक्ष Mr. Michael G. Aguinaldo को नेतृत्वमा Ms. Jose A Fabia र Mr. Joseph Anacay सहित तीन सदस्यीय उच्चस्तरीय प्रतिनिधिमण्डलले मिति २०७३।१।१ देखि ४ सम्म नेपालको औपचारिक भ्रमण सम्पन्न गर्नुभएको थियो । भ्रमणको सिलसिलामा लेखापरीक्षण प्रक्रियामा नागरिक सहभागिता गराउने विषय र सूचना प्रविधिको प्रयोग सम्बन्धमा छलफल भएको थियो । उक्त टोलीले व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिका सदस्यहरुसँग समेत अन्तरक्रिया गरेको थियो ।

- माननीय महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यज्यूको मैत्रीपूर्ण निमन्त्रणामा इण्डोनेसियाको सर्वोच्च लेखापरीक्षण संस्थाका Chairperson Mr. Harry Azhar Azis को नेतृत्वमा Mr. Slamet Riyadi, Mr. Dwi Setiawan Susanto, Mr. Tri Widhyantoro, Ms. Ria Anugriani and Ms. Ni Luh Made Dwiningtyas Sulistyorini सहितका पदाधिकारीहरूले २०१६ अप्रिल १७ देखि १९ सम्म नेपालको औपचारिक भ्रमण सम्पन्न गर्नुभएको थियो । भ्रमणको सिलसिलामा विपद् व्यवस्थापनको लेखापरीक्षण र सूचना प्रविधिको प्रयोग सम्बन्धमा इण्डोनेसियाको अनुभव सम्बन्धमा छलफल भएको थियो । भ्रमण टोलीले व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिका सदस्यहरुसँग समेत अन्तरक्रिया गरेको थियो ।

- **महालेखापरीक्षकको कार्यालय सुदृढीकरण आयोजनाः**

  बहुदाता कोष Multi Donor Trust Fund को अमेरिकी डलर २३ लाख अनुदान सहायतामा सञ्चालित महालेखापरीक्षकको कार्यालय सुदृढीकरण आयोजना सन् २०१२ देखि कार्यान्वयनमा आइं २०१६ को जूनमा सम्पन्न भएको छ । वित्तीय लेखापरीक्षण, कार्यमूलक लेखापरीक्षणमा सुधार तथा लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालित यस आयोजनाले सो अवधिमा विभिन्न लेखापरीक्षण मार्गदर्शन तयार गर्ने, अद्यावधिक गर्ने, सूचना प्रविधि रणनीति, सञ्चार रणनीति तयार गर्ने कार्य सम्पन्न गरेको छ । आयोजनाले कर्मचारीको क्षमता विकासको लागि १२० भन्दा बढी कर्मचारीलाई वैदेशिक तालिम, अध्ययनमा सहभागी र २ हजार कार्यदिन भन्दा बढीको स्वदेशी तालिम प्रदान गरेको छ । कार्यालयलाई आवश्यक उपकरणहरु ल्यापटप, डेस्कटप, प्रोजेक्टर, प्रिन्टर फोटोकपी मेसिन आदि खरिद भई प्रयोगमा ल्याइएको छ । लेखापरीक्षण प्रक्रियालाई सूचना प्रविधि मैत्री बनाउनका लागि विद्युतीय कार्यपत्र (Nepal Audit management System) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । उक्त कार्यपत्रको प्रयोग गरी यस वर्ष ७४ निकायको लेखापरीक्षण समपन्न भएको छ भने आगामी वर्षयसलाई क्रमशः कार्यान्वयन गर्दै लैजाने उद्देश्य रहेको छ ।

  तर्जुमा भएको लेखापरीक्षण निर्देशिका, रणनीति तथा मार्गदर्शनहरु स्वीकृत गरी कार्यान्वयन चरणमा रहेका छन् । यसबाट कार्यालयबाट सम्पादन हुने लेखापरीक्षण अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बनाउन सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

८. बाह्य सरोकार पक्षसँगको सम्बन्ध

८.१ **राय परामर्शः** महालेखापरीक्षकको कार्यालयको राय माग भई आएको अवस्थामा राय प्रदान गर्ने कार्य समेत यस कार्यालयले सम्पादन गर्ने गरेको छ । कार्यालयमा राय माग भई आएकोमा २०७२ श्रावणदेखि २०७३ आषाढ मसान्तसम्ममा राय प्रदान गरिएको विवरण निम्न रहेको छः

क्र.सं.	परामर्श माग गर्ने निकाय	परामर्श दिएको विषय	परामर्श उपलब्ध गराएको संख्या
१.	अर्थ मन्त्रालय वैदेशिक समन्वय महाशाखा	अन्तर्राष्ट्रिय संघसंस्था, दातृ निकायबीच हुने सहायता सम्झौताको मस्यौदा उपर कार्यालयको राय दिइएको	३

८.२ **प्रतिनिधित्वः** देहायका निकायहरुमा आर्थिक वर्ष २०७२।७३ मा यस कार्यालयबाट निम्न कर्मचारीहरुले प्रतिनिधित्व गर्नुभएको छः

क्र.सं.	निकाय	प्रतिनिधित्व गर्ने कर्मचारी
१	पेफा निर्देशक समिति	उप-महालेखापरीक्षक श्री मोहदत्त तिमिल्सिना
२	परिषद् सदस्य - आइक्यान	नायब महालेखापरीक्षक श्री बाबुराम गौतम
३	लेखामान बोर्ड	नायब महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल
४	लेखापरीक्षणमान बोर्ड	नायब महालेखापरीक्षक श्री उद्धव चन्द्र श्रेष्ठ
५	अनुशासन समिति थ् आइक्यान	नायब महालेखापरीक्षक श्री ईश्वर नेपाल
६	पेफा कार्य समिति	नायब महालेखापरीक्षक श्री बामदेब शर्मा अधिकारी
७	आइक्यानको सातौ) परिषद्को निवांचन अधिकृत	नायब महालेखापरीक्षक श्री ईश्वर नेपाल
८	पेफा मूल्याङ्कन समिति	निर्देशक श्री कमल सिलवाल

८.३ **लेखाउत्तरदायी अधिकृतहरूसँगको अन्तरक्रिया कार्यक्रमः** महालेखापरीक्षकको वार्षिक कार्यतालिका, २०७२ को विषयमा जानकारी दिई त्यसमा भएका व्यवस्थाको बारेमा छलफल गर्ने, महालेखापरीक्षकको कार्यालय र सरोकारवालाहरूसँगको सम्बन्ध सुमधुर बनाउने र लेखापरीक्षण तथा सम्परीक्षणका विविध पक्षमा छलफल गरी सुधारका क्षेत्र पहिचान गर्ने उद्देश्यले मिति २०७२।४।१० मा प्रथम पटक र मिति २०७३।१।१० नेपाल सरकारका लेखाउत्तरदायी अधिकृतहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो । कार्यक्रममा विभिन्न सरकारी निकायबाट सहभागिता भएको थियो । कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव श्री लिलामणि पौडेल लगायत विभिन्न मन्त्रालयका सचिव एवं विशिष्ट श्रेणीका अधिकृतहरूको उपस्थिति रहेको थियो ।

८.४ **सूचना सम्प्रेषणः** कार्यालयको काम कारबाहीसम्बन्धी सूचनाहरु उपलब्ध गराउन प्रवक्ता र सहायक प्रवक्ता, सम्पर्कअधिकृत र सहायक सम्पर्कअधिकृत, सूचना अधिकारी र सहायक सूचना अधिकारीको व्यवस्था गरिएको छ । साथै सूचना विभागबाट सञ्चालन हुने प्रवक्ता र पत्रकार भेट (Meet the press) कार्यक्रममा कार्यालयको तर्फाट सहभागी भई नियमित रुपमा सूचना प्रवाह गर्ने गरिएको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस भएपछि सरोकारपक्षबाट माग भएबमोजिमको लेखापरीक्षण प्रतिवेदन ऐनले तोकेको म्यादभित्र उपलब्ध गराउने गरिएको छ ।


८.५ **गुनासो सुनुवाइः** कार्यालयमा गुनासो सुन्ने अधिकृत (नोडल अधिकृत) तोकी कर्मचारीको सेवा सुविधासँग सम्बन्धित आन्तरिक र सरोकारपक्षबाट प्राप्त लिखित गुनासो सुनुवाइको व्यवस्था गरिएको छ ।

८.६ **नोटिस बोर्डः** कार्यालयबाट प्रकाशित सूचनाको जानकारी प्रदान गर्न Audio Notice Board Service १६१८०१४२५३२७० बाट प्राप्त गर्न सकिने व्यवस्थालाई यथावत् कायम गरिएको छ ।

९. नतिजा

- नतिजा सम्प्रेषणः इन्टोर्साई लेखापरीक्षणमानले सर्वोच्च लेखापरीक्षण संस्थाहरुलाई प्रत्येक लेखापरीक्षण नतिजा सम्प्रेषण हेतु लिखित लेखापरीक्षण प्रतिवेदन तयार गर्न सुझाव दिएको छ । नेपालको संविधानअनुसार वर्षैरिमा सम्पादन गरेको कामको प्रतिवेदन व्यवस्थापिका-संसदमा प्रस्तुति एवं छलफलका लागि तयार गर्नु महालेखापरीक्षकको अधिकार एवं कतंव्य हो । त्यसैले महालेखापरीक्षकबाट गरिने लेखापरीक्षणको नतिजा सम्प्रेषणको ढाँचालाई देहायको चित्रमा प्रस्तुत गरिएको छ ।


चित्र नं. २



- **लेखापरीक्षण नतिजाः** महालेखापरीक्षकले आफूले गरेका कामको वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुसार यो वर्षसरकारी कार्यालय, संगठित संस्था र समितिसमेत ४ हजार ५ सय २८ निकायहरुको वित्तीय, ३० विषयको कार्यमूलक, ७ सफ्टवेयरको सूचना प्रविधि र १ विषयको वातावरणीय लेखापरीक्षणसमेत ४ हजार ५ सय ६६ निकायको लेखापरीक्षण सम्पन्न गरी २०७२ चैत्र २९ गते (आर्थिक वर्षसम्पन्न भएको ९ महिनाभित्र) सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको बाउन्नौं वार्षिक प्रतिवेदन पेस गरिएको छ । उक्त वार्षिक प्रतिवेदन यस कार्यालयको वेभसाइट www.oagnep.gov.np मा राखिएको छ ।

लेखापरीक्षण गरिएका निकायको विवरण

लेखापरीक्षण गरिएका निकायर विषय	संख्या	रकम (रु. लाखमा)
(क) वित्तीय लेखापरीक्षण		
१. सरकारी कार्यालय	३८२९	१०४३२४
२. जिल्ला विकास समिति	७५	९४८३
३. समिति र अन्य संस्था	५७६	१३४९९
४. संगठित संस्था	४८	१२४१८९
(ख) कार्यमूलक लेखापरीक्षण	३०	०
(ग) सूचना प्रविधि लेखापरीक्षण	७	०
घ) वातावरणीय लेखापरीक्षण	१	०
जम्मा	४५६६	२५१४९५



- **कारबाही गर्नुपर्ने अङ्कः** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(द) मा प्रचलित कानुन बमोजिम पुर्‍याउनुपर्ने रीत नपुर्‍याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहर्‍याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ । सरकारी कार्यालय, संगठित संस्था, समिति, अन्य संस्था र जिल्ला विकास समितिहरुले उपर्युक्त परिभाषाबमोजिम बेरुजू ठहरिने, असुल फछ्र्यौट गर्नुपर्ने तथा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम देहाय अनुसार रु.३ खर्ब २८ अर्ब ५२ करोड रहेको छ । गत वर्षको तुलनामा सो रकममा २० प्रतिशतले वृद्धि भएको छ ।

(रु. लाखमा)

क्र.सं.	विवरण	रकम
१	सरकारी कार्यालयको फछ्र्यौट गर्न बाँकी बेरुजू	११२५२
२	जिल्ला विकास समिति, समिति र अन्य संस्थाको बेरुजू	५०४०
३	लेखापरीक्षण बक्यौता	५७४
४	राजस्व बक्यौता	१२८२३
५	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	२१२७
६	शोधभनां लिन बाँकी वैदेशिक ऋण	८३१
७	जमानत बसी दिएको ऋण -गतविगतदेखि जिम्मेवारी सर्दै आएको)	२०५
	जम्मा	**३२८५२**

द्रष्टव्यः १. संगठित संस्थाहरुको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण कार्य सम्बन्धित निकायबाट हुने भएकोले माथि उल्लिखित अङ्कमा समावेश छैन ।


- **बेरुजू वर्गीकरणः** आर्थिक कार्यविधि ऐन, २०५५ मा बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की गरी ३ वर्गमा वर्गीकरण गरिएको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेश्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेश्की गरी ४ समूहमा वर्गीकरण गरिएको छ । यो वर्षसरकारी कार्यालय, जिल्ला विकास समिति, अन्य समिति र संस्थातर्फलेखापरीक्षणबाट औंल्याइएको बेरुजू अङ्क निम्नानुसार छः

(रु. लाखमा)

वर्गीकरण	सरकारी कार्यालय	जिल्ला विकास समिति, समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजूको प्रतिशत
जम्मा बेरुजू	**४८७७८८**	**७८७४२**	**५६६५३०**	**१००.००**
१. **असुल गर्नुपर्ने**	**४३३६२**	**५३४२**	**४८७०४**	**८.६०**
२. **नियमित गर्नुपर्ने**	**१९३३८२**	**६३०४२**	**२५६४२४**	**४५.२६**
• अनियमित भएको	४२९६३	२०९६४	६३९२७	११.२८
• प्रमाण कागजात पेस नभएको	१४९६६४	३९२८१	१८८९४५	३३.३५
• जिम्मेवारी नसारेको	०	१	१	०
• शोधभर्ना नलिएको	७५५	२७९६	१	०.६३
३. **पेश्की**	**२५१०४४**	**१०३५८**	**३५५१**	**४६.१४**
• कर्मचारी	१४७०७	१०२०		२.७८
• मोबिलाइजेसन	१०६१३७	०		१८७३
• प्रतीतपत्र	३८०८२	०		६.७२
• संस्थागत	९२११८	९३३८		१७.९१

यो वर्षसरकारी कार्यालय, जिल्ला विकास समिति, संगठित संस्था, अन्य समिति तथा संस्थासमेतको रु.२५ खर्ब १४ अर्ब ३६ करोड ३६ लाखको लेखापरीक्षण सम्पन्न भएको मध्ये सरकारी कार्यालयतर्फरु.१० खर्ब ४३ अर्ब २३ करोड ८४ लाखको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रु.५१ अर्ब २७ करोड ७७ लाख बेरुजू देखिएको छ । सोमध्ये प्रतिवेदन अवधिसम्म रु.२ अर्ब ४९ करोड ८९ लाख (कुल बेरुजूको ०.२४ प्रतिशत) सम्परीक्षण गराएबाट बाँकी बेरुजूका सम्बन्धमा बेरुजू फछ्र्यौटको कारबाही हुन आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ - ३) को व्यवस्था अनुसार सम्बन्धित लेखाउत्तरदायी अधिकृतहरुलाई जानकारी गराइएको छ । सोही ऐनको उपर्युक्त दफाको व्यवस्था अनुसार फछ्र्यौट तथा सम्परीक्षण नगराएको रकमसहितको विवरण सम्बन्धित विभागीय मन्त्री र निकाय प्रमुखलाई जानकारी गराउँदा पनि रु.४८ अर्ब ७७ करोड ८८ लाखको बेरुजू फछ्र्यौट हुन बाँकी रहेको छ ।

चार्ट नम्बर १



सरकारी कार्यालय, जिल्ला विकास समिति, अन्य समिति तथा संस्थासमेतको यस वर्षको लेखापरीक्षणबाट रु.५६ अर्ब ६५ करोड ३० लाख बेरुजू देखिएको छ । यस वर्षम्म फछ्र्यौट गर्न बाँकी कुल बेरुजू रु.१ खर्ब ६२ अर्ब ९२ करोड ४ लाख छ ।

- **मन्त्रालयगत बेरुजूः** सरकारी कार्यालयतर्फयो वर्षरकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. लाखमा)

क्र.सं.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेश्की बाँकी	जम्मा		
१	भौतिक पूर्वाधार तथा यातायात	५७४६२७	४६०५	२१७६५	६३८४०	९०२१०	१८.४९	१५.७०
२	संघीय मामिला तथा स्थानीय विकास	४०१६४८	२०३८	२४२६७	४६०६४	७२३७०	१४.८४	१८.०२
३	अर्थ	५६३५०३४	१९१९५	३४६५७	१६८६	५५५३८	११.३९	०.९९
४	गृह	४९८२४०	२५९	३६१६	४७२८८	५११६३	१०.४९	१०.२७
५	शिक्षा	७५५१२०	७४०	३५९३४	१३१८	३७९९२	७.७९	५.०३
६	शहरी विकास	२७२०२२	४४३७	१२३३९	२००७७	३६८५३	७.५६	१३.५५
७	रक्षा	३९४२९१	६०	१२८४	२९५६७	३०९११	६.३४	७.८४
८	सिंचाई	१६३९४९	३२५	४०७७	२२४६७	२६८६९	५.५१	१६.३९
९	स्वास्थ्य तथा जनसंख्या	२३६८३४	३९८८	१३०८४	५२९२	२२३६४	४.५८	९.४४
१०	कृषि विकास	१९३५८३	१०१७	७२३०	५७०	८८१७	१.८१	४.५५
११	अन्य	१३०११३०	६६९८	३५१२९	१२८७५	५४७०१	११.२०	४.२०
	जम्मा	१०४२६४७८	४३३६२	१९३३८२	२५१०४४	४८७७८८	१००.००	

उल्लिखित दश मन्त्रालयमा सरकारी कार्यालयतर्फो कुल बेरुजूको ८८.८ प्रतिशत रहेको छ ।

- **असुल गर्नुपर्ने बेरुजूः** सरकारी कार्यालयतर्फ यो वर्षलेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको रु.४ अर्ब ४२ करोड ५९ लाखमध्ये ३१ निकायअन्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रु.८ करोड ९७ लाख असुल गरेको र प्रारम्भिक प्रतिवेदन पठाएपछि १७ निकायअन्तर्गतका कार्यालयले रु.१७ करोड १५ लाख सम्परीक्षणको क्रममा ३० निकाय मातहतले रु.२ अर्ब १९ करोड ८ लाख समेत रु.२ अर्ब ४५ करोड १७ लाख र अन्य निकायबाट असुल भएको रु.१२ करोड ८ लाखसमेत कुल रु.२ अर्ब ५७ करोड २८ लाख असुल भएको छ । यो वर्षको लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रु.४ अर्ब ३३ करोड ६२ लाखमध्ये १० मन्त्रालयको रु.३ अर्ब ६६ करोड ६४ लाख -८४.५५ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रु.६६ करोड ९८ लाख (१५.४५ प्रतिशत) देखिएको छ ।

लेखापरीक्षणबाट असुलीमा योगदान

रकम रु.लाखमा

बेरुजू असुली विवरण	रकम
लेखापरीक्षण क्रममा	८९७
प्रारम्भिक प्रतिवेदन पठाएपछि	१७१५
सम्परीक्षणको क्रममा	२१९०८
अन्य निकायको लेखापरीक्षणबाट	१२०८
जम्मा असुली	**२५७२८**

- सरकारी कार्यालयतर्फ गत वर्षम्मको पेश्की रु.३९ अर्ब ६५ करोड ३४ लाख बाँकी रहेको मध्ये रु.१२ अर्ब ८९ करोड ४४ लाख (३२.५२ प्रतिशत) फछ्र्यौट भई रु.२६ अर्ब ७५ करोड ९० लाख बाँकी रहेको र सोमा यो वर्षथप भएको रु.२५ अर्ब १० करोड ४४ लाखसमेत यो वर्षम्म कुल पेश्की रु.५१ अर्ब ८६ करोड ३४ लाख बाँकी रहेको छ । सोमध्ये कर्मचारी पेश्की रु.२ अर्ब २५ करोड ८६ लाख (४.३५ प्रतिशत) मोबिलाइजेसन रु.१७ अर्ब ६४ करोड ६३ लाख (३४.०२ प्रतिशत), प्रतीतपत्र रु.७ अर्ब २८ करोड ४ लाख (१४.०४ प्रतिशत) र अन्य पेश्की रु.२४ अर्ब ६७ करोड ८१ लाख (४७.५८ प्रतिशत) रहेको छ । त्यस्तै समिति, अन्य संस्थातर्फयो वर्षको रु.१ अर्ब ३ करोड ५९ लाख पेश्की बाँकी देखिएको छ ।

- **बेरुजू अङ्कः** सरकारी कार्यालयतर्फ ३ वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु. लाखमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क	प्रतिशत	पेश्कीबाहेकको बेरुजू	पेश्कीबाहेकको बेरुजू प्रतिशत
एकाउन्नौं	८०४८५७३	२८७५९४	३.५७	१५५८३४	१.९४
बाउन्नौं	८५३९४६४	३७४०५७	४.३८	२०४१७४	२.३९
त्रिपन्नौं	१०४३२३८४	४८७७८८	४.६७	२३६७४४	२.२७

पेश्कीबाहेकको बेरुजू प्रतिशत गत वर्ष२.३९ रहेकोमा यो वर्ष २.२७ पुगेको छ ।

- **बेरुजू फछ्र्यौटः** यो वर्ष बेरुजू फछ्र्यौट र सम्परीक्षणको स्थिति देहायबमोजिम रहेको छः

(रु. लाखमा)

विवरण	विगतको बेरुजू	समायोजनबाट थपघट	सम्परीक्षण (फछ्र्यौट)	चालु वर्षको लेखापरीक्षण बेरुजू	अद्यावधिक बाँकी बेरुजू
सरकारी कार्यालय	९०९७६२	(१७)	२७२३७८	४८७७८८	११२५१५५
संगठित संस्था, समिति तथा अन्य संस्था	४५८०८०	१७	३२७९०	७८७४२	५०४०४९
जम्मा	**१३६७८४२**	**०**	**३०५१६८**	**५६६५३०**	**१६२९२०४**

- बेरुजू फछ्र्यौट गर्न भए गरेका प्रयासबाट विगत तीन वर्षको बेरुजू फछ्र्यौटको स्थिति देहायबमोजिम छः

विवरण	५३ औं प्रतिवेदन	५२ औं प्रतिवेदन	५१ औं प्रतिवेदन
सरकारी कार्यालय	२७२३७८	२००१९५	२१२६८१
संगठित संस्था, समिति तथा अन्य संस्था	३२७९०	२२४९०	३६२४३
जम्मा	**३०५१६८**	**२२२६८५**	**२४८९२४**

- **बेरुजू न्यूनीकरणः** सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट पटक पटक औंल्याइएको त्रुटिलाई सुधार नगरी अनियमित कामको निरन्तरताले बेरुजूको मात्रा बढ्न गई समग्रमा वित्तीय व्यवस्थापनको विश्वसनीयतामा कमी ल्याएको छ । यस्तो स्थिति आउनमा मूलतः कमजोर आन्तरिक नियन्त्रण प्रणाली, अप्रभावकारी आन्तरिक लेखापरीक्षण, आर्थिक कार्यविधि कानुन तथा खरिद कानुनको जटिलता एवं अपर्याप्तता, कमजोर सुपरिवेक्षण तथा अनुगमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा आएको कमी प्रमुख छन् । अनियमित कार्यमा संलग्न व्यक्तिउपर न्यून मात्रामा मात्र कारबाही भई दण्डहीनताले प्रश्रय पाएको छ भने वित्तीय जिम्मेवारी पालनाको मूल्यांकन गरी प्रोत्साहित गर्ने प्रभावकारी व्यवस्था छैन । कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनमा वित्तीय जिम्मेवारी वहनको सूचकाङ्कको व्यवस्थासहित उपर्युक्त कमजोरीमा सुधार गर्नु जरुरी छ ।
- लेखापरीक्षणबाट कायम भएको असुल गर्नुपर्ने बेरुजूमध्ये यो वर्षअनुसूची ९ मा उल्लेख भएबमोजिम रु.२ अर्ब ५७ करोड २८ लाख असुली भएको छ । यो रकम यस कार्यालयले खर्च गरेको रु.३४ करोड १५ लाखसँग तुलना गर्दा खर्च भएको प्रत्येक एक रुपैयाँबाट रु.७।५३ उपलब्धि भएको छ
- **लेखापरीक्षण परामर्शः** लेखापरीक्षण ऐन, २०४८ को दफा ७-२) अनुसार नेपाल सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्थाले लेखापरीक्षक नियुक्ति गर्न परामर्श माग गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षक नियुक्ति गर्दा परामर्श माग गर्नुपर्ने संगठित संस्थाको संख्या यकिन छैन । यो वर्ष२१ संस्थाले २३ आर्थिक वर्षको मात्र लेखापरीक्षक नियुक्ति गर्न परामर्श माग गरेका छन् । लेखापरीक्षण परामर्श माग गर्दै आएका केही संस्थाले परामर्श माग गरेको छैन ।

१०. सुधारका क्षेत्रहरु

नेपालको संविधानअनुसार महालेखापरीक्षकले सबै सरकारी कार्यालय र सरकारी स्वामत्विका संस्थानको लेखा कानुनद्वारा निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी लेखापरीक्षण गर्ने व्यवस्था छ । महालेखापरीक्षकलाई सुम्पिएको जिम्मेवारी अनुसार मुलुकको सार्वजनिक वित्तीय प्रशासनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गरी आर्थिक अनुशासन कायम गर्नका लागि लेखापरीक्षणको भूमिका महत्वपूर्ण हुने भएकोले लेखापरीक्षण सुधार सम्बन्धमा देहायका सुझाउहरु प्रस्तुत गरिएको छ ।

१०.१ **स्वतन्त्रताः** सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन -इन्टोसाई) को सन् १९७७ को लिमा घोषणापत्र तथा सन् २००७ को मेक्सिको घोषणापत्रले सर्वोच्च लेखापरीक्षण संस्थाको लागि वित्तीय तथा कार्यात्मक स्वतन्त्रतासम्बन्धी व्यवस्थालाई पारित गरेको छ । उक्त घोषणापत्रलाई संयुक्त राष्ट्रसंघको ६६ औं महासभाले समेत २२ डिसेम्बर २०११ मा अनुमोदन गरेको छ । यसैगरी २० नोभेम्बर २०१४ मा भएको संयुक्त राष्ट्रसंघको ६९ औं महासभाले सार्वजनिक प्रशासनमा दक्षता, उतरदायित्व, प्रभावकारिता र पारदर्शिता प्रवर्द्धनका लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरुको सुदृढीकरण गरी स्वतन्त्रता र क्षमता विकास गर्न विशेष जोड दिएको छ ।

उक्त स्वतन्त्रतासम्बन्धी व्यवस्थालाई कानुनी रुपमा समेट्नका लागि नयाँ लेखापरीक्षण ऐनको मस्यौदा तर्जुमा प्रक्रिया शुरु भएको छ । सार्वजनिक लेखापरीक्षणको अन्तरांष्ट्रिय असल अभ्यासबमोजिम लेखापरीक्षणमा संलग्न कर्मचारीहरुको पेसागत स्वतन्त्रता कायम राख्न, लेखापरीक्षण व्यवस्थापन गर्न एवं स्वतन्त्रता प्रवर्द्धन गर्न उक्त ऐन पारित गरी कार्यान्वयनमा ल्याउनुपर्ने तथा लेखापरीक्षण सेवा सञ्चालन नियमावलीको तर्जुमा गरी सेवाको सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

१०.२ **रणनौतिक योजनाः** कार्यालयको ५ वर्षको रणनैतिक योजना सन् २०१६-२०२० ले लेखापरीक्षणको गुणस्तर र प्रभाव अभिवृद्धि गर्ने, महालेखापरीक्षकको स्वतन्त्रता र अधिकारलाई सुदृढ गर्ने, महालेखापरीक्षकको कार्यालयको क्षमता विकास, बाह्य सरोकारवालाहरुसँगको पेसागत सम्बन्ध अभिवृद्धि र आन्तरिक सुव्यवस्था प्रभावकारी गर्न लक्ष्य तय गरी सो प्राप्त गर्न विविध क्रियाकलापहरु निर्धारण गरेको छ । सो रणनीति योजना कार्यान्वयनका लागि सञ्चालन योजना तर्जुमा अन्तिम चरणमा पुगेको छ । रणनैतिक योजनालाई कार्यान्वयन गर्न सम्बद्ध निकायहरुबाट सहयोग आवश्यक छ ।

१०.३ **गुणस्तर आश्वस्तताः** कार्यालयले सम्पादन गर्ने लेखापरीक्षण कार्य नीति, मानदण्ड र कार्यविधिअनुरुप भए नभएको एवं लेखापरीक्षण गुणस्तर नियन्त्रण व्यवस्था प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा सबै एवं लेखापरीक्षण टोलीको कम्तीमा एक फाइलको वित्तीय एवं कार्यमूलक लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन गर्ने गरिएको छ । पुनरावलोकन प्रतिवेदनले औंल्याएका कमी कमजोरी सुधार गर्न कार्ययोजना बनाई कार्यान्वयन गरी अन्तर्राष्ट्रियस्तर अनुरुप लेखापरीक्षण हुने वातावरण सिर्जना गर्नुपर्ने आवश्यकता रहेको छ ।

१०.४ **अन्तरांष्ट्रिय सम्बन्धः** सन् २०१५ मा एसोसाई गभर्निङ्ग बोर्डमा निर्वाचित भएपश्चात् नेपालको भूमिका अन्तर्राष्ट्रिय सर्वोच्च लेखापरीक्षण संस्थामा बढ्दै गएको छ । यसै क्रममा इन्टोसाई तथा एसोसाईसँगको आबद्धता एवं अन्य मुलुकका सर्वोच्च लेखापरीक्षण संस्थासँगको आपसी सहयोग र सद्भावलाई बढावा दिँदै ज्ञान सीप र अनुभवको आदान प्रदान एवं असल अभ्यासहरुको अनुसरण साथै अन्तर्राष्ट्रिय रुपमा चिनारी बढाउने कार्य प्रभावकारी हुने भएकोले द्विपक्षीय बहुपक्षीय अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा जोड दिनुपर्ने देखिएको छ ।

१०.५ **क्षमता विकासः** कर्मचारीको क्षमता विकासका लागि स्रोत व्यवस्था गरी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तालिम, गोष्ठी, सेमिनारमा नियमित रुपमा सहभागि गराउन सकिएमा ज्ञान, सीप र अनुभव आदान-प्रदान भई नेतृत्व विकासका साथै पेसागत सीप, दक्षता अभिवृद्धि हुन गई गुणस्तरीय लेखापरीक्षण गर्न योगदान पुग्ने देखिन्छ ।

१०.६ **स्थानीय तहको लेखापरीक्षणः** विगतमा नगरपालिका र गाउँ विकास समितिको लेखापरीक्षण सम्बन्धित निकायबाट नियुक्त लेखापरीक्षकबाट हुँदै आएकोमा नेपालको संविधानमा संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, सबै संघीय र प्रदेशका सरकारी कार्यालयहरुको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था गरेको छ । उपर्युक्त कार्यका लागि यस कार्यालयको विद्यमान सांगठनिक संरचना विस्तार गर्न आवश्यक छ ।

१०.७ **वित्तीय उत्तरदायित्वः** लेखा तथा लेखापरीक्षणको सवंमान्य सिद्धान्तअनुसार वित्तीय कारोबारको जिम्मेवारी व्यवस्थापन पक्षको हुने र सो वित्तीय कारोबारउपर स्वतन्त्र राय प्रदान गर्ने जिम्मेवारी लेखापरीक्षकको हो । वित्तीय उत्तरदायित्व स्पष्ट गर्ने कानुनी व्यवस्थाको अभावमा उक्त जिम्मेवारीको पालनामा कमी कमजोरी देखिएकोले वित्तीय उत्तरदायित्वसम्बन्धी कानुन तर्जुमा गर्नुपर्ने देखिन्छ ।

१०.८ **वैदेशिक सहायताको लेखापरीक्षणः** नेपाल सरकारलाई प्राप्त हुने सबै सहायता रकम बजेटमा समावेश गरी महालेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेकोमा प्राविधिक, वस्तुगतलगायतका कतिपय सहायता बजेटमा समावेश नगर्ने र लेखापरीक्षण नगराउने परिपाटी अद्यापि विद्यमान छ । कानुनी व्यवस्थाअनुरुप सबै किसिमका वैदेशिक सहायता रकम बजेटमा समावेश गरी सोको लेखापरीक्षण गराउनुपर्दछ ।

१०.९ **सम्परीक्षणः** कार्यालयद्वारा स्थलगत लेखापरीक्षणकै क्रममा सम्परीक्षण गर्ने व्यवस्था गरिए तापनि सम्बन्धित निकायहरुबाट विगतमा कायम भएका बेरुजू फछ्र्यौट गरी समयमा सम्परीक्षण गराउने काम प्रभावकारी हुनसकेको छैन । अतः जिम्मेवार व्यक्तिको कार्यसम्पादनको मूल्याङ्कनमा आर्थिक अनुशासनलाई आधार बनाई मूल्याङ्कन व्यवस्था गर्नुपर्दछ ।

१०.१० **सार्वजनिक क्षेत्रको लेखामान (नेपसास) कार्यान्वयनः** महालेखा नियन्त्रक कार्यालयले सरकारको केन्द्रीय लेखा तयार गर्दा र मन्त्रालयले मातहतका निकायहरुको एकीकृत आर्थिक विवरण तयार गर्दा लेखा नीति खुलाउनुपर्ने देखिन्छ । नेपाल सरकारले २०६६।५।३० मा सार्वजनिक क्षेत्रको लागि नगदमा आधारित लेखामान कार्यान्वयन गर्ने गरेपनि वित्तीय विवरणसहित लेखा नीतिको खुलासा गर्ने व्यवस्थाको पालनामा कमजोरी देखिएको छ । यो वर्ष १५ निकायमा परीक्षणको रुपमा लेखामानअनुसार वित्तीय विवरण तयार गर्ने कार्य थालनी गरिएको छ । स्वीकृत लेखामानको पूर्ण कार्यान्वयन भएमा आर्थिक कारोबार पारदर्शी तथा विश्वसनीय हुन गई लेखापरीक्षणलाई समेत सहयोग पुग्ने हुँदा नेपाल सरकारको लेखा ढाँचामा समयसापेक्ष सुधार गरी सबै मन्त्रालयमा लेखामान कार्यान्वयन गरिनुपर्दछ ।

१०.११ **आन्तरिक नियन्त्रण प्रणालीः** सबै सरकारी कार्यालयको आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था भए पनि सबै सरकारी निकायको सबै कारोबारको आन्तरिक लेखापरीक्षण हुने नगरेकोले आन्तरिक लेखापरीक्षणको प्रभावकारिता बढाउनुपर्ने देखिन्छ । यसैगरी आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ अनुसार अधिकांश निकायले आन्तरिक नियन्त्रण प्रणाली तथा सोको अनुगमन सूचक तयार गरी लागू गरेको देखिँदैन । नियमावलीको व्यवस्थाअनुसार आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा तयार गरी सबै निकायहरुले सोहीअनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१०.१२ **वार्षिक प्रतिवेदनउपर छलफलः** महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोराउपर सार्वजनिक लेखा समितिमा छलफल गर्न विभिन्न उपसमिति गठन गरेको र केही उपसमितिबाट छलफलसमेत आरम्भ भएको छ । सबै उपसमितिको बैठक नियमित रुपमा नबस्दा विगतका सबै

प्रतिवेदनका व्यहोरा उपर समयमै छलफल हुन नसकेको स्थिति छ । प्रतिवेदनउपर छलफल भएमा आर्थिक प्रशासनमा सुधार गर्न एवं लेखापरीक्षणको गुणस्तर र प्रभावकारिता वृद्धि गर्न सहयोग पुग्ने भएकोले वार्षिक प्रतिवेदनउपर समयमै छलफल गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

१०.१३ **संगठित संस्थाको लेखापरीक्षणः** कानुनमा सार्वजनिक संस्थानहरुले आर्थिक वर्षको समाप्तिपछि निश्चित समयावधिभित्र लेखापरीक्षण गराउनुपर्ने व्यवस्था भए तापनि १७ संस्थाको ४७ आर्थिक वर्षको लेखापरीक्षण बक्यौता रहेको छ । समयमै लेखापरीक्षण नगराउनाले संस्थानका प्रमुखहरुले वित्तीय उत्तरदायित्व वहन गरेको देखिएन । आर्थिक प्रशासनलाई स्वच्छ र मयांदित बनाउन कानुनले तोकेबमोजिम जवाफदेही बनाई जिम्मेवारी निर्वाह गर्नु गराउनुपर्ने देखिएको छ ।

१०.१४ **लेखापरीक्षण परामर्शः** नेपाल सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्ति गर्न महालेखापरीक्षकको कार्यालयबाट परामर्श दिने व्यवस्था भए तापनि यो वर्ष२१ संस्थाले मात्र यस्तो परामर्श लिएका छन् भने अरु संस्थाले परामर्श माग गर्ने गरेका छैनन् । अतः लेखापरीक्षण परामर्श माग गर्ने र लेखापरीक्षण सम्पन्न गर्ने व्यवस्था अवलम्बन गर्नुपर्दछ ।

१०.१५ **पूर्वाधार व्यवस्थापनः** सरकारी कामकारबाहीलाई प्रभावकारी बनाउन कार्यवातावरण एवं न्यूनतम पूर्वाधारको आवश्यकता रहन्छ । २०७२ वैशाख १२ गतेको भूकम्पबाट कतिपय सरकारी भवनहरु क्षतिग्रस्त भई न्यूनतम पूर्वाधारको समेत अभाव देखिएको छ । सरकारी भवनको पुनर्निर्माण गरी उपयुक्त कार्यवातावरण बनाउनुपर्ने देखिन्छ ।

१०.१६ **कार्यमूलक लेखापरीक्षणमा सुधारः** आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन नसकेका कारण महालेखापरीक्षकको कार्यालयबाट नियमितताको परीक्षणमा बढी स्रोत र समय खर्चनु परेको छ । आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाई नियमितताको परीक्षण महालेखा नियन्त्रक कार्यालयबाट गर्ने र महालेखापरीक्षकको कार्यालय कार्यमूलक लेखापरीक्षणमा केन्द्रित रहनुपर्ने देखिन्छ ।

यस कार्यालयले जनजीवनमा सरोकार राख्ने राष्ट्रिय महत्वका विषयहरु छनौट गरी कार्यमूलक लेखापरीक्षण गरी सुझाव दिँदै आएको छ । यस वर्षपनि ३० विषयको कार्यमूलक लेखापरीक्षण गरी सुझाव प्रस्तुत गरिएको छ । कार्यमूलक लेखापरीक्षणको सुझाव कार्यान्वयन गर्नुपर्दछ ।

१०.१७ **लेखापरीक्षणमा नागरिक समाजको संलग्नताः** कार्यमूलक लेखापरीक्षणमा सुधार गर्न विगत केही वर्षेखि नागरिक समाज, सरोकारवाला वा सम्बद्ध पक्षको संलग्नतामा छलफल गर्ने, अन्तर्वार्ता लिने, प्रश्नावलीको जवाफ प्राप्त गर्ने कार्य गरी लेखापरीक्षणमा विश्वसनीयता र पारदर्शिता प्रवर्द्धन गर्ने अभ्यासको थालनी भएको छ । उक्त कार्यलाई निरन्तरता दिँदै विपद व्यवस्थापन, सामाजिक क्षेत्रका खानेपानी, शिक्षा, स्वास्थ्यलगायतको कार्यमूलक लेखापरीक्षणमा पनि नागरिक समाज, सरोकारवाला वा सम्बद्ध पक्षको सहभागिता विस्तार गर्नुपर्ने देखिन्छ ।

तालिका - १

कर्मचारी दरबन्दी र पदपूर्ति विवरण
२०७२।७३

क्र.सं.	पद	दरबन्दी	पदपूर्ति			रिक्त पद संख्या
			महिला	पुरुष	जम्मा	
१	उप-महालेखापरीक्षक	४	०	२	२	२
२	नायबमहालेखापरीक्षक	१४	२	१२	१४	०
३	निर्देशक	८५	०	८२	८२	३
४	निर्देशक विशेषज्ञ	१	०	१	१	०
५	लेखापरीक्षण अधिकारी	१६७	११	१३५	१४६	२१
६	टेलिफोन अधिकृत	१	०	१	१	०
७	लेखापरीक्षण अधीक्षक	८२	२०	५६	७६	६
८	टेलिफोन अपरेटर	१	१	०	१	०
९	कम्प्युटर अपरेटर	४	०	४	४	०
१०	टाइपिष्ट प्रथम	८	३	४	७	१
११	टाइपिष्ट द्वितीय	१	०	०	०	१
१२	सहायक कम्प्युटर अपरेटर	१०	०	४	४	६
१३	लेखापरीक्षण निरीक्षक	२५	२	११	१३	१२
१४	काउन्टर सहायक	१	१	०	१	०
१५	जुनियर मेकानिक्स	२	०	०	०	२
१६	जुनियर इलेक्ट्रिसियन	१	०	०	०	१
१७	सवारी चालक	१७	०	१४	१४	३
१८	कार्यालय सहयोगी	२४	०	१५	१५	९
	जम्मा	***४४८***	***४०***	***३४१***	***३८१***	***६७***

तालिका २

नयाँ नियुक्ति र पदस्थापन भएका कर्मचारीहरुको विवरण
२०७२/०७३

क्र.सं.	कर्मचारीको नाम, थर	पद	नियुक्ति मिति	कैफियत
१	श्री सीता पाठक	टे.अ., रा.प.अनं. प्रथम	२०७२/०४/०१	सरुवा
२	श्री केशवनाथ आचार्य	का.स.	२०७२/०४/०१	सरुवा
३	श्री कृष्णगोपाल हायजु	स.क.अ. रा.प.अनं. द्वित्तीय	२०७२/०४/२२	सरुवा
४	श्री मिन बहादुर लोहनी	का.स.	२०७२/०४/२५	सरुवा
५	श्री राम बहादुर खत्री	का.स.	२०७२/०४/२५	सरुवा
६	श्री सुमन ढकाल	स.क.अ. रा.प.अनं. द्वित्तीय	२०७२/०४/३२	सरुवा
७	श्री लक्ष्मी बहादुर महर्जन	का.स.	२०७२/०५/०१	सरुवा
८	श्री सरोज भट्टर्राई	ले.प. अधिक्षक	२०७२/०५/२१	नयाँ नियुक्ति
९	श्री अजय कुमार गुप्ता	ले.प. अधिकारी	२०७२/०८/१६	नयाँ नियुक्ति
१०	श्री कमल श्रेष्ठ	ले.प. अधिकारी	२०७२/०८/१६	नयाँ नियुक्ति
११	श्री रामजतन ठाकुर	ले.प. अधिकारी	२०७२/०८/१६	नयाँ नियुक्ति
१२	श्री सुजाता चापागाईं	ले.प. अधिकारी	२०७२/०८/१६	नयाँ नियुक्ति
१३	श्री प्रेम कुमार भट्टर्राई	ले.प. अधिकारी	२०७२/०८/१६	नयाँ नियुक्ति
१४	श्री सुदन कुमार पोखरेल	ले.प. अधिकारी	२०७२/०८/१६	नयाँ नियुक्ति
१५	श्री धरणीधर दाहाल	ले.प. अधिकारी	२०७२/०८/१६	नयाँ नियुक्ति
१६	श्री छविलाल मैनाली	ले.प. अधिकारी	२०७२/०८/१६	नयाँ नियुक्ति
१७	श्री संगिता खतिवडा	ले.प. अधिक्षक	२०७२/०९/०१	नयाँ नियुक्ति
१८	श्री लोकमणी पाण्डे	ले.प. अधिक्षक	२०७२/०९/०१	नयाँ नियुक्ति
१९	श्री मेघनाथ गौतम	ले.प. अधिक्षक	२०७२/०९/०१	नयाँ नियुक्ति
२०	श्री लक्ष्मी पन्थी	ले.प. अधिक्षक	२०७२/०९/०१	नयाँ नियुक्ति
२१	श्री रामकाजी थापामगर	ले.प. अधिक्षक	२०७२/०९/०१	नयाँ नियुक्ति
२२	श्री ज्ञानुगाहा मगर	क.अ., रा.प. अनं. प्रथम	२०७२/०९/२६	नयाँ नियुक्ति
२३	श्री नन्द प्रसाद पाण्डे	ले.प. निरीक्षक	२०७२/१०/१०	नयाँ नियुक्ति
२४	श्री शिव कुमार बस्नेत	स.क.अ. रा.प.अनं. द्वित्तीय	२०७२/१२/१०	नयाँ नियुक्ति
२५	श्री शोभादेवी कार्की	काउन्टर सहायक	२०७२/१२/२४	नयाँ नियुक्ति

तालिका - ३

बढुवा भएका कर्मचारीहरुको विवरण
२०७२/०७३

क्र.सं.	कर्मचारीको नाम, थर	पद	नियुक्ति मिति	कैफियत
१	श्री कृष्ण प्रसाद दाहाल	ले.प. अधिकारी	२०७२/०६/१८	
२	श्री लुम विक्रम शाह	ले.प. अधिकारी	२०७२/०६/१८	
३	श्री इन्द्र बहादुर अधिकारी	ले.प. अधिकारी	२०७२/०६/१८	
४	श्री गीता भट्टर्राई	ले.प. अधिकारी	२०७२/०६/१८	
५	श्री सत्यभक्त राय	अधिकृत तृतीय	२०७२/०८/१४	
६	श्री सुवर्णप्रसाद ढकाल	नायव म.ले.प.	२०७२/१०/२०	
७	श्री अनन्त प्रसाद तिवारी	निर्देशक	२०७३/०१/१५	
८	श्री नेत्र प्रसाद पौडेल	निर्देशक	२०७३/०१/१५	
९	श्री बौद्धराज अर्याल	निर्देशक	२०७३/०१/१५	
१०	श्री टंक प्रसाद पाण्डे	निर्देशक	२०७२/१२/२८	
११	श्री विष्णु प्रसाद खनाल	निर्देशक	२०७२/१२/२८	
१२	श्री शिवराम गुरौं	निर्देशक	२०७२/१२/२८	
१३	श्री विष्णुलाल पुरी	ले.प. अधिक्षक	२०७३/०१/२३	
१४	श्री अच्युत पन्त	ले.प. अधिक्षक	२०७३/०१/२३	
१५	श्रीसन्तोष ढकाल	ले.प. अधिक्षक	२०७३/०१/२३	
१६	श्री सुरक्षा पोखरेल	ले.प. अधिक्षक	२०७३/०१/२३	
१७	श्री गणेश कुमार श्रेष्ठ	ले.प. अधिक्षक	२०७३/०१/२३	
१८	श्री कल्पना थापा	ले.प. अधिक्षक	२०७३/०१/२३	
१९	श्री बामदेव शर्मा अधिकारी	नायव म.ले.प.	२०७३/०१/२३	
२०	श्री बलराम डंगोल	टाइपिष्ट प्रथम	२०७३/०२/२०	
२१	श्री कुलचन्द्र भण्डारी	निर्देशक	२०७३/०२/३१	

तालिका - ४

सेवा निवृत्त हुनुभएका कर्मचारीहरुको विवरण
२०७२/०७३

क्र.सं.	कर्मचारीको नाम, थर	पद	अवकाश मिति	कैफियत
१	श्री ईश्वरराज श्रेष्ठ	उप म.ले.प.	२०७२/०४/१७	
२	श्री सुदन पौडेल	निर्देशक	२०७२/०४/२४	राजीनामा
३	श्री लक्ष्मी कुमार शिवाकोटी	ले.प. अधिकारी	२०७२/०४/२५	राजीनामा
४	श्री हिमाल किशोर श्रेष्ठ	निर्देशक	२०७२/०५/०२	
५	श्री मोहन प्रसाद लामिछाने	निर्देशक	२०७२/०५/१३	
६	श्री लक्ष्मण लामिछाने	निर्देशक	२०७२/०५/२१	मृत्यु
७	श्री पूर्ण प्रसाद आचार्य	ले.प. अधिकारी	२०७२/०६/१९	
८	श्री ईश्वरप्रसाद न्यौपाने	उप म.ले.प.	२०७२/०७/०६	
९	श्री भवनाथ दाहाल	निर्देशक	२०७२/०७/१३	राजीनामा
१०	श्री रमा दुलाल	नायव म.ले.प.	२०७२/०७/२१	
११	श्री महेश्वर श्रेष्ठ	ह.स.चा.	२०७२/०८/०५	
१२	श्री सत्यभक्त राय	अधिकृत तृतीय	२०७२/०९/१४	
१३	श्री नवराज ढकाल	ले.प. अधिकारी	२०७२/०९/२६	
१४	श्री मुकुन्द राज शर्मा	ले.प. अधिकारी	२०७२/०९/२९	
१५	श्री विष्णु प्रसाद तिमिलसिना	निर्देशक	२०७२/११/१८	
१६	श्री खेम प्रसाद शर्मा	निर्देशक	२०७२/१२/३०	
१७	श्री गुणराज श्रेष्ठ	उप म.ले.प.	२०७३/०१/१०	
१८	श्री नारायण प्रसाद फुयाँल	ले.प. अधिकारी	२०७३/०३/१५	
१९	श्री बलराम डंगोल	टाइपिष्ट प्रथम	२०७३/०३/१९	

तालिका - ५

अन्यत्र रमाना हुनुभएका कर्मचारीहरुको विवरण
२०७२/०७३

क्र.सं.	कर्मचारीको नाम, थर	पद	रम्ाना मिति	कैफियत
१	श्री इन्द्र कुमार श्रेष्ठ	स.क.अ. रा.प.अनं. द्वित्तीय	२०७२/०४/०१	
२	श्री तारा गिरी	स.क.अ. रा.प.अनं. द्वित्तीय	२०७२/०४/०१	
३	श्री लक्ष्मी बहादुर महर्जन	का.स.	२०७२/०६/२७	
४	श्री हरि प्रसाद वाग्ले	का.स.	२०७२/०८/०६	
५	श्री सहनशीला पुडासैनी	ले.प. अधिक्षक, रा.प.अनं. प्रथम	२०७२/०८/१६	
६	श्री अच्युत श्रेष्ठ	ले.प. अधिक्षक, रा.प.अनं. प्रथम	२०७२/०८/१६	
७	श्री नारायण पन्थी	ले.प. अधिक्षक, रा.प.अनं. प्रथम	२०७२/०८/१६	
८	श्री अनिता श्रेष्ठ	ले.प. अधिक्षक, रा.प.अनं. प्रथम	२०७२/०८/१६	
९	श्री टंकमणी घिमिरे	ले.प. निरिक्षक, रा.प.अनं. द्वितीय	२०७२/०८/१६	
१०	श्री उद्धव अधिकारी	ले.प. अधिक्षक, रा.प.अनं. प्रथम	२०७२/०८/१६	
११	श्री माधव पोखरेल	ले.प. निरीक्षक, रा.प.अनं. द्वित्तीय	२०७२/०९/१६	
१२	श्री राजन गिरी	ह.स.चा.	२०७३/०३/०१	

महालेखापरीक्षकको कार्यालय

सार्वजनिक अनुरोध

नेपालको स)विधान, लेखापरीक्षण ऐन, २०४८ र अन्य प्रचलित कानूनले तोकेबमोजिम सबै सरकारी निकायहरुको आर्थिक कारोबारको लेखापरीक्षण गर्न जिल्ला जिल्लामा यस कार्यालयबाट लेखापरीक्षण टोली खटिएको छ । सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोगमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका सम्बन्धमा कुनै जानकारी भएमा नागरिक समाज, सामुदायिक स)घस)स्था, सरोकारवाला र सर्वसाधारणबाट यस कार्यालयबाट खटिइं आउनुभएका लेखापरीक्षण टोली/सुपरिवेक्षक वा यस कार्यालयलाइं जानकारी गराइदिनु हुन अनुरोध गरिन्छ । साथै यस कार्यालयबाट सम्पादन गरिने कामको सम्बन्धमा गरिनुपर्ने सुधारका विषयमा कुनै सुझाव, गुनासो एव) सूचना भएमा देहायको ठेगानामा जानकारी गराइं लेखापरीक्षणलाइं उद्देश्यमूलक, विश्वसनीय र गुणस्तरीय बनाउने कार्यमा सहयोग पुऱ्याउनुहुन निकाय एव) सर्वसाधारणमा अनुरोध गरिन्छ ।

पत्राचार वा सम्पर्क गर्ने ठेगाना

महालेखापरीक्षकको कार्यालय, बबरमहल, काठमाडौं)

- पोष्ट बक्स न)(१३३२८,
- फ्याक्स न)(०१४२६२७९८, ४२६८३०९
- फोन न)(०१४२६२३८२
- इमेल: oagnep@ntc.net.np, info@oagnep.gov.np
- वेभसाइट: www.oagnep.gov.np
- कार्यालयको उजुरी पेटिका
- सम्बन्धित जिल्ला जिल्लामा खटिएका लेखापरीक्षण टोली वा सुपरिवेक्षक